जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक १९, २०७४ साल भदौ २ गते शुक्रबार, नेपाल संवत् ११३७ (Aug. 18, 2017) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## १५ मंसिरभित्र दुईवटै चुनाव

काठमाडौं । कांग्रेस, एमाले र माओवादी केन्द्रबीच आगामी मंसिर १५ गतेभित्र नै प्रदेश र संघ दुवै चुनाव एकै चरणमा सम्पन्न गर्ने सहमति भएको छ । निर्वाचन आयोगसँग परामर्श गरेर चुनावको मिति घोषणा गर्ने र भदौ ५ भित्र संविधान संशोधन विधेयक टुंगो लगाउने पनि सहमति भएको छ । संशोधन विधेयक पास फेल जे भए पनि संसदमा पेस गर्ने सरकारले तयारी गरेपछि **बाँकी ८ पेजमा**

## ४ र ५ गते पत्रकार महाधिवेशन

काठमाडौं । नेपाली पत्रकारहरुको छाता संगठन नेपाल पत्रकार महासंघको २५ औं महाधिवेशन भदौ ४ र ५ गते काठमाडौंमा हुन गइरहेको छ । महाधिवेशनले नयाँ नेतृत्वसमेत चयन गर्ने हुनाले पत्रकारहरु चुनावी अभियानमा होमिएका छन् । सम्पूर्ण जिल्ला तथा एसोसिएट संस्थाहरुको अधिवेशन सम्पन्न भई केन्द्रीय प्रतिनिधिहरुको समेत छनौट भइसकेको अवस्थामा स्थानीय तहको निर्वाचनका कारण पत्रकार महासंघको महाधिवेशन केही पर सारिएको थियो ।

महाधिवेशनबाट महासंघको नेतृत्व हत्याउन वरिष्ठ **बाँकी ८ पेजमा**

# देशमा बाढीको कहर देउवालाई दिल्लीको रहर

प्रधानमन्त्री शेरबहादुर देउवा आगमी ७ गते भारत भ्रमणमा जाँदैछन् । देउवाको यो भ्रमण राजकीय हुने भनिएको छ । देउवा अहिले चौथो पटक प्रधानमन्त्री पदमा आसीन छन् । यसअघि प्रधानमन्त्रीका रुपमा उनले तीनपटक भारतको औपचारिक भ्रमण गरिसकेका छन्, यो चौथो पटक हो । त्यसो त देउवा सुदूरपश्चिमबाट स्थलमार्ग हुँदै कैयौं पटक दिल्ली पुगेको जनाफिकारहरु बताउँछन् । भारतको सत्तारुढ दल भारतीय जनता पार्टी निकटस्थहरुको इन्डिया फाउन्डेसनको गोवा भेलामा पनि अतिथिका रुपमा देउवा नपुगेका होइनन् । त्यहाँ गएर उनले तिब्बती निर्वासित सरकारका प्रमुख लोप्साङ साँगेसँग गोप्य वार्ता समेत गरेका थिए । केपी ओली सरकार गिराउन दिल्लीले देउवालाई आमन्त्रण गरेको सर्वविदितै छ । देउवा त्यस्ता राजनीतिक व्यक्ति हुन् जो सत्ता स्वार्थका निम्ति जे पनि गर्न तयार हुन्छन् । दिल्लीकै सल्लाहमा देउवाले माओवादीसँग लगनगाँठो कसेर विचारसिचार भाँडमा जाय, बहनी गंगामे नुहाए धुवाँए, भनाइलाई चरितार्थ गरिरहेका छन् ।

स्थानीय तह निर्वाचनमा माओवादीसँग देउवाको अप्राकृतिक तालमेल अहिले पत्रकार महासंघको निर्वाचन हुँदै प्रदेश र संघीय संसदको निर्वाचनमा पनि कायमै रहने देखिएको छ । दिल्लीले सबभन्दा बढी प्रयोग गरेको नेपाली नेताहरुमध्ये देउवा पहिलो नम्बरमा पर्छन् । त्यसो त कांग्रेस नेताहरु इतिहासदेखि नै भारतबाट प्रयोग हुँदै आएका छन् । मातृका, विश्वेश्वर, कृष्णप्रसाद भट्टराई



सबैलाई भारतले प्रयोग गरेकै हो । मातृकाबाट कोसी, बीपीबाट गण्डक नदीलाई भारतले आफ्नो नियन्त्रणमा लिएको थियो । भट्टराईले महाकाली नदीलाई नेपाल भारतको साझा नदीको दर्जा दिए भने गिरिजाप्रसाद कोइरालाले टनकपुर सन्धि गरेर देशप्रति बेइमानी गरेका थिए । अनि देउवाले पञ्चेश्वर बहुद्देश्य परियोजनाका नाममा महाकाली सन्धि पारित गराएर महाकालीमा नेपालको स्वामित्व समाप्त पार्ने काम गरे । अहिले देउवाको भारत भ्रमणले देशले फेरि के के गुमाउने हो सर्वत्र चिन्ता छ ।

महाकाली सन्धि संसदबाट पारित गराउँदा यसको डीपीआर ६ महिनामा तयार गर्ने भनिएको थियो । तर अहिले झन्डै अढाई दशक पुग्न लाग्दा समेत डीपीआरको काम भएको छैन । नेपालले जसरी डीपीआर गर्न चाहेको छ भारतले त्यसलाई स्वीकार गरेको छैन । सम्भवतः देउवाले भारतको हात माथि पर्ने गरी डीपीआर गर्न भारतलाई स्वीकृत दिनेछन् । त्यसो भएमा महाकालीको पानीमाथि भारतको पूर्ण नियन्त्रण हुनेछ गण्डक र कोसी जस्तै । देउवा चारपटक देशका प्रधानमन्त्री भए तर उनको महत्वपूर्ण कार्य भनेकै महाकाली सन्धि पारित गर्नु हो । त्यसका अलावा उनले इतिहासले सम्झिने अर्को कुनै उल्लेख्य कार्य गरेका छैनन् ।

नेपालमा जो प्रधानमन्त्री बने पनि पहिलो विदेश भ्रमण भारत नै गर्ने परम्परा रहिआएको छ । प्रचण्ड प्रधानमन्त्री भएपछि उनले पहिलो विदेश



भ्रमण चीन गरेका थिए । यसलाई क्रमभंगताका रुपमा लिइएको थियो । तर एयरपोर्टमा उत्रनासाथ उनले आफू ओलम्पिक समारोहमा भाग लिन चीन गएको औपचारिक पहिलो भ्रमण भारत नै हुनेछ भन्दै लम्पसारवादी रवैयालाई खुलस्त पारिदिए । झलनाथ खनाल र सुशील कोइरालाले भारत भ्रमणको निमन्त्रणा नै पाएनन् । यहाँसम्म कि झलनाथलाई त प्रधानमन्त्रीमा निर्वाचित भइसकेपछि दिल्लीले बधाईसमेत दिएन । सुशील कोइराला भारतको चाहनाविपरीत प्रधानमन्त्रीमा निर्वाचित भएका थिए । उनलाई पाकिस्तानी खुफिया एजेन्सी आइएसआईसँग जोडेर हेरेको थियो दिल्लीले । नरेन्द्र मोदी भारतका नयाँ प्रधानमन्त्रीमा निर्वाचित भएपछि उनको शपथग्रहण समारोहमा सुशील कोइरालालाई निमन्त्रणा गरिएपछि उनी दिल्ली पुगेका थिए । तर दिल्लीले उनको कुनै खातिरदारी गरेन । पाकिस्तानी प्रधानमन्त्री नवाज सरिफ र श्रीलंकाका राष्ट्रपति **बाँकी ८ पेजमा**

## भारतीय बाँधले डुबान

काठमाडौं । भारतले अन्तर्राष्ट्रिय कानुनविपरीत नेपालको सीमा क्षेत्रमा बनाएका बाँध र सडक निर्माणका कारण नेपाली भूमि जलमग्न हुने गरेका छन् । नेपालदेखि भारततर्फ बगेर जाने नदीनालाको प्राकृतिक बहावमा भारतले बनाएका बाँधका कारण अवरोध उत्पन्न हुँदा सानोतिनो वर्षाको भेल पनि रोकिएर नेपाली भूमिमा ताल बन्ने गरेको छ ।

भारतको यस्तो बल मिचाहा प्रवृत्तिका विरुद्ध सीमा क्षेत्रमा बसोबास गर्ने नेपाली जनताले बेलाबेलामा संघर्ष गर्दै आएका छन् । यस्तै संघर्षले सप्तरीको तिलाठी चर्चामा आएको थियो भने कञ्चनपुरको पुनर्वासमा एकजना नेपालीले ज्यान गुमाउनु परेको थियो । भारतले राष्ट्रिय गौरवको योजनाका रुपमा १२ हजार पाँच सय किलोमिटर लामो नदी जडान आयोजना पनि सञ्चालन गरिरहेको छ । तर भारतले गौरव ठानेको नदी जोड आयोजना नेपालको लागि अभिशाप बनिरहेको छ ।

भारतले पूर्णागिरी टनकपुरदेखि कोसीसम्म १९ स्थानमा **बाँकी ८ पेजमा**

## चिनियाँ चाहना नेपाल समृद्ध बनोस्

दुई छिमेकी देश भारत र चीनमध्ये भारत नेपालको उन्नतिको सदा बाधक बन्दै आएको छ भने चीन नेपाल आत्मनिर्भर बनेको हेर्न चाहिरहेको छ । हालैमात्र चिनियाँ उपप्रधानमन्त्री वाङयाङले नेपाल भ्रमणमा जुन आत्मीयता देखाएर सहयोगको हात बढाएर त्सले चीन नेपालको एक असल छिमेकी रहेको प्रस्ट हुन्छ । चिनियाँ उपप्रधानमन्त्री वाङयाङले आफ्नो भ्रमणका समयमा मुख्यतया दुईवटा विषयलाई उठाए । पहिलो चीनसँग भएका सन्धि समझदारीको कार्यान्वयन र राजनीतिक स्थिरता । याङले राष्ट्रपति, प्रधानमन्त्री, मुख्य विपक्षी दलका नेता केपी ओली, माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड सबैसँगको भेटमा यही चासो प्रकट गरे । नेपालको एक चीन नीतिको पनि उनले खुला दिलले तारिफ गरे भने दोक्लाम विवादमा नेपालको तटस्थ नीतिको प्रशंसा गर्न चुकेनन् । उपप्रधानमन्त्री वाङयाङले नेपाल समृद्ध बनेको चीनले हेर्न चाहेको पनि भन्न भुलेनन् ।

यसपटक चीनले नेपालसँग आर्थिक तथा प्राविधिक सहयोगसम्बन्धी, लगानी तथा आर्थिक प्रबर्द्धन सम्बन्धी र पेट्रोलियम पदार्थ अन्वेषणसम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गरेको छ । आर्थिक तथा प्राविधिक सहयोगसम्बन्धी



सम्झौता अनुसार चीनले अरनिको राजमार्गको स्तरोन्नति र टिमुरेमा पुल निर्माणमा सघाउनेछ भने लगानी तथा आर्थिक सहयोग प्रवर्द्धनसम्बन्धी फ्रेमवर्क सम्झौतामार्फत नेपालमा चिनियाँ लगानी बढाउन सघाउ पुऱ्याउनेछ । आर्थिक तथा प्राविधिक सहयोगअन्तर्गत चीनले नेपालको पूर्वाधार विकासमा १ अर्ब चिनियाँ आरएनबी -करिब साढे१५ अर्ब) रुपैयाँ खर्च गर्नेछ । पेट्रोलियम पदार्थ अन्वेषणसम्बन्धी सम्झौतापत्र अनुसार चीनले नेपालमा पेट्रोलियम पदार्थ अन्वेषण गर्न सघाउनेछ । **बाँकी ८ पेजमा**

## गलैंचा संघको साधारणसभा

काठमाडौं । नेपाल गलैंचा निकासीकर्ता संघको १२ औं साधारणसभा काठमाडौंमा सम्पन्न भएको छ । संघका अध्यक्ष अनुपबहादुर मल्लको अध्यक्षतामा आयोजित कार्यक्रमको माननीय वाणिज्य मन्त्री मीनबहादुर विश्वकर्माले प्रमुख अतिथिका रुपमा उद्घाटन गर्नुभएको हो ।

समारोहमा स्वागत मन्तव्य राख्दै संघका अध्यक्ष मल्लले विदेशी मुलुकका नक्कली कार्पेटले अन्तर्राष्ट्रिय बजारमा प्रभाव जमाएका बेला सरकारी सहुलियत नपाउँदा निर्यात घटेको बताउनुभयो । 'ती देशहरुबाट हाम्रो जस्तै नक्कल गरेर गलैंचा उत्पादन गरी ३० प्रतिशत कम मूल्यमा निर्यात गरे तापनि नेपाली गलैंचाले गुणस्तरमा एक नम्बर कायम राखेको छ । विदेशी गलैंचा सस्तो भएका कारण हामीले प्रतिस्पर्धी क्षमता गुमाएका हौं । प्रतिस्पर्धी क्षमता वृद्धि गरी नेपाली गलैंचाको प्रबर्द्धन गर्न



राज्यले सहयोग गरेको छैन । छिमेकी मुलुकमा निर्यातमा नगद प्रोत्साहन डबल डिजिटमा दिएको छ । विदेशमा प्रदर्शनीका लागि स्टल भाडा र हवाई भाडमा समेत ती देशमा राज्यले शत प्रतिशतसम्म अनुदान दिने गरेको छ । हामीलाई राज्यले दुई प्रतिशत मात्र छुट दिएको छ । अरु कुनै सहयोग गरेको छैन' उहाँले भन्नुभयो ।

नेपाली गलैंचाको निर्यात बढाउन राज्यले ट्याक्स होलिडेको व्यवस्था हुनुपर्ने, छिमेकी मुलुक बराबर इन्सेन्टिभ दिनुपर्ने, अन्तर्राष्ट्रिय **बाँकी ८ पेजमा**

## सेना-सेनाबीच ढुंगा हानाहान

काठमाडौं । सिक्किम, भुटान र तिब्बतको सीमा दोक्लाममा विवाद बढिरहेका बेला पश्चिम हिमालय क्षेत्रको लद्दाखस्थित लाइफ अफ एक्चुअल कन्ट्रोल (एनओसी) मा चिनियाँ जनमुक्ति सेना र भारतीय सेनाबीच मंगलबार ढुंगा हानाहान भएको छ । प्योङगोङ ताल नजिकैको भारतीय भूमिमा चिनियाँ सेना प्रवेश गरेपछि दुवै देशका सेनाबीच झडप भएको भारतीय अधिकारीले बताए पनि बेइजिङले त्यसको खण्डन गरेको छ । चिनियाँ सेना सीमा पार गरेर भारत नपुगेको बेइजिङले बताएको छ । जनसेनाले आफ्नो भूभागको रक्षाका लागि सदैव गस्ती गरेको तर अतिक्रमण गरेर भारतीय भूमिमा नपुगेको चीनको विदेश मन्त्रालयका प्रवक्ता हु चुनिङले बताएकी छन् । उनले भनेकी छन्- चीन भारत सीमामा शान्ति र स्थिरता कायम गर्न चिनियाँ पक्ष सदैव प्रतिबद्ध छ । उनले दुई देशबीच भएका सम्झौताको पालना गर्न **बाँकी ८ पेजमा**

## पार्टी घोषणा सभामा ढकाल




काठमाडौं । नेपालका सपुतहरु एक होऔं भन्ने नारा बोकेको, युवाको नेतृत्वमा वैकल्पिक पार्टी भन्दै राष्ट्रवादी पार्टी नाम भएको एक नयाँ राजनीतिक दलको हालै एक समारोहबीच घोषणा भएको छ ।


पार्टी घोषणासभाको अवसर पारेर उक्त दलले आफ्नो विधान, घोषणापत्र, रणनीति तथा कार्यनीति पनि सार्वजनिक रुपमा जारी गरेको छ । शहजाद मिया मिगरानी अध्यक्ष रहेको सो दलका सचिवमा राजु भट्टराई **बाँकी ८ पेजमा**

समय-सन्दर्भ |

## कृषि क्षेत्रमा परेको बाढीको प्रभाव

**राजेन्द्र शर्मा**

गत वर्ष अनुकूल मौसम भएका कारण मुलुकको आर्थिक वृद्धिदरमा समेत सकारात्मक प्रभाव परेको थियो । मुलुकको प्रमुख खाद्यान्न बालीका रुपमा रहेको धानको उत्पादनसँग राष्ट्रिय उत्पादकत्व जोडिन पुग्छ । यसपल्ट धानको खेतमा हरियो फर्किन नपाउँदै बाढीले सखाप पारिदिएको छ । धानको उत्पादन भण्डारकै रुपमा रहेका तराई मधेसका उर्वर जमिन बाढीको कहरले तहसनहस पारिदियो । धानखेतमा थुप्रिएको बालुवाको तहलाई पन्साएर फेरि खेतीयोग्य जमिन बनाउन पनि किसानले ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ । धान बालीमा मात्र बाढीबाट अर्बौंको क्षति हुन पुग्यो भने भर्खरै फस्टाउँदै



गरेको माछा फार्महरुलाई पनि बाढीले तहसनहस पारिदियो । नगदे बालीका रुपमा रहेको केरा खेती बाढीले सखाप पाऱ्यो । तरकारी खेतीका साना ठूला सबै फर्महरु बाढीले प्रभावित बनाएका कारण राजधानीलगायत सहरी क्षेत्रमा आपूर्ति हुन छाडेपछि तरकारीको मूल्य दोब्बरभन्दा बढीले बढेको छ । गाई, भैंसी, कुखुरा फार्मलगायत सम्पूर्ण कृषि क्षेत्रमा बाढीले पारेको प्रभावलाई हेर्दा क्षतिको विवरण कहालिलाग्दो हुन आउँछ । कृषि क्षेत्रमा परेको गम्भीर असरले मूल्यवृद्धि हुनुको साथै उत्पादनसँग जोडिएका किसानहरुलाई गाँसबासको पिरलोले लामो समयसम्म सताउने निश्चित छ ।

सप्तरीका वरिष्ठ कृषि विकास अधिकृत भगिरथ यादवका अनुसार सप्तरी जिल्लामा मात्र १० हजार हेक्टरभन्दा बढी धानबाली सखाप भएको प्रारम्भिक अनुमान गरिएको छ । एउटा जिल्लामा यत्रो नोक्सानी भयो भने बाढीको प्रभावमा परेका अरु जिल्लाको अवस्था पनि कम छैन । नेपाल कुखुरापालक संघ चितवनका अध्यक्ष झनकप्रसाद पौडेलले बाढीका कारण साना लगानीमा कुखुरापालन गर्नेहरु ऋणमा **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# किन रोइस मंगले आफ्नै ढंगले



**सुरेन्द्र ढकाल**
(अध्यक्ष देपसा मोर्चा)

जब देश भूकम्पले आक्रान्त थियो, सबै राजनीतिक दल र तिनीहरुका नेता अनि कार्यकर्ताहरु दुलो पसेका थिए । भूकम्प गएको ७२ घण्टा पनि नबित्दै यस पंक्तिको लेखक र स्वदेशी र विदेशी मित्रहरु चामलको बोरा, त्रिपाल, ब्ल्यान्केट, नुन अनि औषधी बोकेर भूकम्पपीडित जनताको छेउ पुगे । त्यतिखेर असहाय भूकम्पपीडित जनता यी राजनीतिक नेता र कार्यकर्ताहरु हामी छेउ भोट माग्न त आउन् अब, यिनीहरुको घुँडा फुकाल्ने हो भन्थे । अनि हामी नयाँ राजनीतिक दल खोलेर राजनीतिमा उत्रिएकाहरु पनि भूकम्पले साँच्चै नै अब पुराना दलहरुलाई बढार्ने छ र नयाँ राजनीतिक युगको शुरुवात हुने छ भनेर धमाधम संगठन विस्तारमा लागेका थियौं, आफ्नै सम्पतिले बनाएको कोषको ब्याजबाट प्राप्त रकमले गरिबी क्षेत्रमा शिक्षा, स्वास्थ्य र आय आर्जनका कार्यक्रम लिएर पुग्यौं । भूकम्प आएको ३० महिना बितिसक्दा पनि सरकारले न पुनर्निर्माणको लागि सहयोग गर्न सक्यो न त्यस कुरामा संवेदनशील हुन नै चाह्यो । यसैबीच स्थानीय चुनाव आयो हामीले सोच्यौं अब भने जनताले यिनीहरुलाई दण्ड दिने बेला आयो भनेर । तर नयाँ वैकल्पिक शक्तिहरु आउलान् भनेर जसरी सरकारले नयाँ र साना दलहरुलाई एउटै चुनाव चिन्ह नदिने कानुनी रणनीति अख्तियार गर्‍यो त्यसै गरी ठूला दलका कार्यकर्ताहरुले पुरानै ढर्रामा मनि र मसल प्रयोग गरी साना दलका उमेदवारहरुलाई धम्काई तर्साइ उम्मेदवारी दिन पाउने अधिकारबाट वंचित गरे । स्रोत नखुलेको काला धनहरु चुनावमा व्यापकरुपमा प्रयोग भयो । हिजो पुराना दलका नेता र कार्यकर्ताको घुँडा फुकाल्ने भन्ने मतदाताहरु पुन पैसामा बिकेर तिनै राष्ट्रघाती, भ्रष्ट र असक्षम दलहरुलाई जिताउन पुगे । फलस्वरुप राष्ट्रघात, भ्रष्टाचार र असक्षमताले जनताबाट वैधानिकता पायो । अप्ठेरो परेको बेलामा सहयोगको हात बढाउनेहरु, दु:खमा काँध थाप्नेहरु पाखा लागे । अहिले देश फेरि बाढी र पहिरोले आक्रान्त छ । आफ्नो देशको सीमाभित्र रहेको कोसी बाँधको ढोका खोल्न विदेशीको पाउमा लम्पसार पर्नुपर्ने दिन कसले निम्त्यायो ? दशगजा क्षेत्रमा भारतले सडक र बाँधहरु बनाइरहँदा कानमा तेल र आँखामा पट्टी लगाएर बस्ने को हो ? हिजो भूकम्पपीडितको नाममा विदेशीले दिएका चामलहरु नबाँडेर गोदाममा नै कुहाउनेहरु अहिले एकद्वार याने सरकारी द्वारबाट मात्रै बाढी पीडितहरुलाई सहयोग गर्न पाइन्छ निजी, र संस्थागत स्तरमा सहयोग गर्न पाइँदैन भनी कुर्लेर आफू पनि सहयोग नगर्ने अर्कालाई पनि गर्न नदिने वातावरण सिर्जना गरी पीडितहरुको उपेक्षा गरिरहेका छन् । हिजो इराकमा १० जना नेपाली काटिँदा सबै म्यानपावर कम्पनी ध्वस्त गर्ने नेपाली जनता कहाँ गए ? के अब सबै आजसम्मका पद ओगटेर काम गर्न नसक्ने राजनीतिक दलहरुका केन्द्रीय कार्यालयहरु र तिनीहरुका नेता कार्यकर्ताहरुले भ्रष्टाचार गरी कमाएको पैसाले बनाएको घर जग्गा महल छानी छानी ध्वस्त गर्ने दिन आएको छैन ? जनता चुप लागेर बसे पनि प्रकृति चुप लागेर बस्दो रहेनछ । यही कारण देशले विपत्ति भोगिरहेको छ । यसका लागि जिम्मेवार भनेको नेता कार्यकर्ता होइनन् यिनीहरुलाई मत दिएर नेता, कार्यकर्ता बनाउने मतदाताहरु हुन् । त्यसैले अब पीडितहरु आफैं उठेर नेता कार्यकर्ताहरुको धुलो चुटाइ गरी यिनीहरुलाई देशबाटै लखेटन सक्नु पर्‍यो होइन भने किन रोइस मंगले आफ्नै ढंगले मात्रै हुनेछ ।

**आफ्नो देशको सीमाभित्र रहेको कोसी बाँधको ढोका खोल्न विदेशीको पाउमा लम्पसार पर्नुपर्ने दिन कसले निम्त्यायो ? दशगजा क्षेत्रमा भारतले सडक र बाँधहरू बनाइरहँदा कानमा तेल र आँखामा पट्टी लगाएर बस्ने को हो ?**

सम्पादकीय

# बाढीपीडितका पीडा

गत शुक्रबारदेखि आइतबारसम्म मुलुकभर भएको अविरल वर्षाले निम्त्याएको बाढीपहिरोमा परी १ सय १८ जनाले ज्यान गुमाएका छन् । बेपत्ता हुनेको संख्या अझै प्राप्त भइसकेको छैन भने ठूलो संख्यामा पशुपक्षीको पनि क्षति भएको छ । भर्खरै रोपाइँ सम्पन्न भएको धानबाली बाढीले नोक्सान गरेको छ । लाखौं मानिसको घरबारमा नराम्रोसँग क्षति पुगेको छ भने घरबारविहीन हुनेको संख्या पनि ठूलो छ । भीषण वर्षासँगै आएको बाढीले पुर्‍याएको सरकारी गैरसरकारी भौतिक क्षतिको मूल्यांकन अर्बौंको हुन्छ । चितवन सौराहमा मात्र १५ करोडको क्षति भयो भनी पर्यटन व्यवसायीले विवरण निकालेका छन् । मेचीदेखि महाकालीसम्मकै तराईको भूभाग जलमग्न बनाउने गरी आएको बाढीले पीडित बनाएकाहरूको राहत र उद्धार कार्य अहिलेसम्म चलिरहेकाले सम्पूर्ण क्षतिको वास्तविक तथ्यांक आउन बाँकी नै छ ।

हाम्रो मुलुक प्राकृतिक प्रकोपको जोखिमपूर्ण अवस्थामा रहेको छ । हरेक वर्ष बाढीपहिरोका साना ठूला घटना भइरहन्छन् । भूबनावट जोखिमपूर्ण रहे पनि त्यसमा जोखिमको मात्रा बढाउनमा मानवीय कारण उत्तिकै जिम्मेवार रहेको छ । खासगरी तराईका नदीहरूमा आउने अनियन्त्रित बाढीको कारण तराई र पहाडबीचको चुरे क्षेत्रमाथि भएको अनियन्त्रित दोहन पनि प्रमुखमध्ये एक हो । चुरेको बनावट अत्यन्तै कमलो बलौटे माटोबाट भएको छ । चुरे क्षेत्रमा भएको वन विनाश र नदीनालाबाट निकालिने बालुवा, ढुंगाले गर्दा वर्षा हुनेबित्तिकै चुरे क्षेत्रका बालुवा, माटो बगेर तराईका नदीनालामा जाने गर्छ । यसरी जाने बालुवा, माटोले नदीको सतह बढेर माथि आउँछ । नदीको सतह बढेपछि बाढीको भेल नजी किनारका डिल, बाँध, नाघेर बस्तीतिर छिर्ने गरेका छन् । चुरे विनाशले तराईमा मरूभूमिकरण बढायो भनेर चुरे संरक्षणका करोडौंका योजनाहरू पनि अघि सारिएका छन् । पूर्वराष्ट्रपति डा. रामवरण यादवको सक्रियामा राष्ट्रपति चुरे संरक्षण आयोजना पनि बनेको छ । तर चुरे संरक्षणका ठोस प्रयास हुन सकेका छैनन् । वन पैदावार र नदीजन्य पदार्थको तस्करी गरेर केही मानिस मोटाइरहेका छन् भने त्यसको पीडा लाखौं जनताले भुक्तान गर्नु परिरहेको छ ।

तराई जलमग्न हुनुको अर्को प्रमुख कारण छिमेकी भारतले नेपालका नदीनालाको प्राकृतिक बहाव रोक्ने गरी सीमा क्षेत्रमा बनाएका बाँध र सडकका संरचनाहरू हुन् । भारतले कोसी, गण्डक, टनकपुरका अतिरिक्त लक्ष्मणपुर, महलीसागर बाँध, रसियाला खुर्दलोटन बाँध, डन्डा फरेना बाँध, लाल बकैया तत्त लक्ष्मणपुर, महलीसागर बाँध, रसियाला खुर्दलोटन बाँध, डन्डा फरेना बाँध, लाल बकैया तटबन्ध,, कोइलाबास तटबन्ध, धौलीगंगा बाँध लगायतका बाँध र सडकहरू अन्तर्राष्ट्रिय सन्धि, सम्झौता विपरीत एकलौटी हिसाबले निर्माण गरेको छ । जसले गर्दा नेपालबाट भारततर्फ बगेर जाने नदीहरूले सहज निकास पाउँदैनन् र जसको कारण हाम्रो भूभाग जलमग्न हुने गरेको छ । यसपटक सप्तकोशी नदीले खतराको चिन्ह पार गर्दा पनि ब्यारेजको तालाचाबी बोकेको भारतले ढोका खोल्न ठूलै आलटाल गरेकोमा परराष्ट्र मन्त्रीले दिल्लीसम्म गुहार माग्नुपर्‍यो । आफ्नो भूभागमा बनेको ब्यारेजको चाबी अर्कैले बोक्ने गरी गरिएको घातक कोशी सम्झौता त एउटा उदाहरण मात्र हो । नेपालको पानी खाएर भारत भक्ति प्रकट गर्ने गद्दार नेताहरूले गरेको गल्तीको महँगो मूल्य लाखौं जनताले चुकाउनु परिरहेको छ ।

ठूलो परिणाममा प्राकृतिक प्रकोपले विनाश निम्त्याउने अर्को कारण पूर्वतयारीको अभाव पनि हो । प्राकृतिक प्रकोपको जोखिम बर्सेनि पर्ने सम्भावनालाई दृष्टिगत गर्दै त्यसैअनुसारको जोखिम न्यूनीकरणको पूर्वतयारी हुनुपर्नेमा त्यो हुन सकिरहेको छैन । उद्धार कार्यमा परिचालन गर्ने डुंगालगायत स्रोत साधनको समेत ठूलो अभाव देखियो । त्यसैले बर्सेनि आउन सक्ने विपत्तिलाई दृष्टिगत गर्दै जोखिम न्यूनीकरणको पूर्वतयारीमा विशेष ध्यान दिन आवश्यक छ । साथै बाढीमा ज्यान गुमाउने, आर्थिक भौतिक रूपमा क्षति हुने जनतालाई निष्पक्ष रूपमा छिटोछरितो राहत तथा पुनःस्थापनाको व्यवस्था मिलाउने गम्भीर दायित्व राज्यले पूरा गर्नैपर्ने हुन्छ । भूकम्पपीडितहरूले क्षतिपूर्ति तथा राहत पाइनसकेको अवस्थामा आइपरेको अर्को ठूलो चुनौतीको सामना गर्ने काममा राज्यका अतिरिक्त सम्पूर्ण स्वदेश तथा विनेशमा रहेका नेपालीको ध्यान जान आवश्यक छ ।

# भ्रष्टाचारका कारकहरू



**जगदीश लामिछाने**
रौतहट, पौराई

सुप्रसिद्ध नीतिशास्त्र गीताको एउटै श्लोकबाट हामीले के हेर्नुपर्छ भने भ्रष्टाचार र सदाचार कसैले सिकाउन खोजेरभन्दा उसैले अनुकरण गर्न खोजेर अर्थात् उसले आफैंभन्दा श्रेष्ठ कसैलाई ठानेपछि मात्र उसमा त्यो रुपान्तरित हुने हो । यसैले अहिले चुनिएर आएका स्थानीय तहका जनप्रतिनिधिहरुमै पनि कसैलाई आफ्नो आदर्श अथवा श्रेष्ठ सम्झने रोग सबैमा हुन्छ । यसैकारण काम हुन्छ अथवा भइरहँदैन पनि । यस्तो मनोविज्ञान ख्याल नगरिएर हामी पछि परेको र कर्मचारी अटेरी भई गाउँ जिल्लामा जान चाहनेहरुले अथवा पठाइनेहरुले थोरै समयका मन्त्री तथा हाकिमलाई नटेरेर एक तह प्रमोशन पाए मात्र बाहिर जान्छु भन्नु कुनै नौलो कुरा भएन । थोरै समय कटाउन पाइयो भने अर्को फाइदा लिन खोज्दा अहिले हाकिम अर्थात् मन्त्रीहरु झस्कनु स्वाभाविकै हो । यसैलाई नीतिगत भ्रष्टाचार भन्छन् । हामी पछि पर्नु परेको यही नीतिगत भ्रष्टाचारैले हो ।

अहिले संसारभर चलिरहेको छिमेकी प्रजातन्त्रको दुहाई दिने भारतमा पनि चलेको संवैधानिक र व्यावहारिक जनप्रतिनिधि चुन्दा चाहिने क्षेत्र निर्धारणमा भूगोल र जनसंख्यालाई मान्यता बराबरै हुनुपर्थ्यो । पहिलो मान्यता जनसंख्यालाई दिइनाले बहुसंख्यक खराब नियतकाहरुले थोरै जनसंख्या भएको सोलुखुम्बु अथवा हुम्लालाई मर्का पर्ने नै भयो । अथाह प्राकृतिक उसको खनिज योगदान अथवा आफ्नै जलप्रवाहले विद्युत सिंचाइ तराईलाई दिने हिमालय ठगिने नै भयो । यो सबै दल मिलेर गरेको संविधान संशोधनको पहिलो फाइदा हस्तक्षेपकारी विदेश भारतले लिन खोज्ने नै भयो । त्यतातिर याद नगरी अदालती निर्णय लिखे टँसाइ क्षेत्र निर्धारण आदेश अदालतको पनि नीतिगत निर्णय नीतिगत भ्रष्टाचार भन्ने कि नभन्ने ?

नेपालको अवस्थिति दुई विशालकाय साढे आफूलाई ठान्नेको बीचमा हुँदा राष्ट्रको भलो पहिलो मानेर व्यक्तिगत भलो दोस्रो मानेकै हुनाले पहिले २२ से र २४ से बनाउनेहरुले एउटै भाषा संस्कृति हिमवत खण्ड नेपाललाई माया गरेर बनाएको हुनाले वैदिक र पौराणिक मान्यतामा सकारात्मकै भयो । अर्को आफ्नो स्वार्थ वंश आदि मान्यता मानेकोमा उनीहरु नै क्रमशः दु:खमा पर्दै गए । राणा, शाह खानदान पनि यस्तै रह्यो । त्यस बखतको कूटनीतिक परम्परा हेर्दा अहिले प्रधानमन्त्री हुनासाथ आफ्ना मालिक दर्शन गर्न जाने र धाराप्रवाह विदेशी हितमा काम गर्ने प्रचण्ड बाबुराम मात्र होइन, शेरबहादुर समेत दोक्लाम जुहारी नहेरी भारतै गइहाल्छु भन्नु केपी ओलीको अडानभन्दा यिनीहरुको अडान दोस्रो भयो । यी सरकार प्रमुखलाई भारतीय विदेशमन्त्री सुषमा स्वराजले माओवादी कांग्रेस मिलेर सरकार बनायौ । हाम्रै राम्रो काम गर्‍यौ भनेर भर्खरै गइन् । त्यो यिनीहरुलाई खाए खा नखाए घिच भएन र ? यस्ता क्षणिक नटिक्ने राजनीतिज्ञ भनाइ रहने देश कसरी अघि आउँछ ?

यिनीहरुले गरेको कामको मूल्यांकन गर्न धेरै पर जानै पर्दैन । लोकमानलाई घोक्रेठ्याक लगाउने र प्रधानन्यायाधीश सुशीला कार्कीलाई झन्टने यी दुई काम सफल असफल जे भए पनि यिनीहरुकै पहिलो तथा दोस्रो कामले अख्तियार प्रमुखको पद तरबारको धार नै हो ।

प्रधानन्यायाधीशसहित न्यायिक र बहसकर्ता वकिलहरु पनि राजनीतिक ठालु र आफूलाई ठूला भन्नेहरुले चाहेसम्म मात्र सुविधा पाउँछन् नत्र पाउँदैनन् भनी भ्रष्टाचारै निवारण र न्याय क्षेत्र ज्यादै खुकुलो बनाएपछि यी माथिल्ला पदाधिकारी स्वेच्छाचारी भए कि प्रजातान्त्रिक न्यायप्रेमी भए ? पाठक आफैंले जवाफ दिनुपर्ने भयो । हालै इन्धन संस्थानका गोपालबहादुरले मनपरी जग्गा खरिद गरी नीतिगत भ्रष्टाचारमा अघि सर्दा यी चुप नलागे को चुप लाग्छ त ? नन्दप्रसादको मृत्यु पर्खी बस्ने बाबुराम प्रधानमन्त्री र डा. गोविन्द केसीको एघारौं पटकको अनसनमा वर्तमान सत्ताले उनकै पनि मृत्यु पर्खी बसेको मान्नु के अचम्म भयो र ? यहाँ नीतिगत भ्रष्टाचार गर्ने सत्ता हो कि ? यी नन्दप्रसाद र गोविन्द केसी आदि हुन् ? अथवा सबै राजनीतिक दलहरुको एउटै परराष्ट्र नीति नहुनु पनि नेपालभरका सत्तासीन दलहरुको नीतिगत भ्रष्टाचारै भएन र ?

माथिको कुरा शासन सत्तालाई उद्देश्यमा राखेर लेखिएको मात्रै हो । किनभने अघिदेखि अधिकार शासन सत्तालाई प्रकृतिले नै दिएको रहेछ । आर्थिक र नैतिक कुरामा नै पनि गीताको 'यद्यदा चरति श्रेष्ठ...सयत् प्रमाणं कुरुते लोकस्तदनु वर्तते' प्रस्ट लेखिएकै छ । यसैले सबभन्दा पहिले सक्रिय हुनुपर्ने आचरण श्रेष्ठकै हो । यही मान्यौं भने आफैं पनि पुनः सुखी, शान्त र समृद्धशाली हुन्छौं । यो हजारौं वर्षदेखि हाम्रै यथार्थ हो ।

नेपालका वीर अमरसिंह, श्री ५ पृथ्वीनारायण आदि मात्र होइन, स्वामी रामकृष्ण परमहंश, महात्मा गान्धी, नेल्सन मण्डेला र अब्राहम लिंकन, जर्ज वासिंटनको नाम लिइएको र लिइनै रहनेछन् । अहिले हामी नेपालीले पनि तत्‌तत् स्थानमा रहेका श्रेष्ठ मान्छेहरु खोजिरहनुपर्छ । हामी पनि समृद्ध मात्र होइन, ज्ञानी पनि हुँदै जानेछौं । यस्तो यथार्थ थिएन भने अहिले भर्खरै नेपालमा माओवादी द्वन्द्वबाट प्रचण्ड र बाबुरामलाई नै परिवर्तित गराएर अघि बढिरहेका हुने थिएनौं । अब हामीले प्रविधितर्फ त्रिभुवन विश्वविद्यालय आदि र ज्ञानविज्ञानतर्फ संस्कृत विश्वविद्यालय नेपालकै दुवैखाले शिक्षालाई बराबर भार प्रदान गरेर शिक्षा र सामाजिक चेतनामा समेत अघि बढेपछि यो नेपाल मात्र होइन सम्पूर्ण उत्तर दक्षिण क्षेत्र नै आनन्ददायक हुनेछ । अस्तु

**अबको क्रान्ति : पर्यावरणीय**

**सुदर्शन प्रधान**

# पत्रकार, जाँघे लाउने ठिटा र यार्चाका सिकारी

दरिद्र मानसिकता भएका मान्छेहरू जति नै सम्पन्न भए पनि आफूलाई गरिब वा मगन्ते ठान्छन् र ठाउँकुठाउँ आफ्नो मनोभावना व्यक्त गर्छन्, व्यवहारमा चरितार्थ गर्छन् । झन्डै हप्तादिनअगि **कान्तिपुर** दैनिकमा एक जना स्थापित पत्रकारले लेखेको थियो– नेपालले पहल गरे जङ्गल संरक्षण गरेबापत युरोपेली सङ्घबाट वार्षिक रू. १ अरब प्राप्त गर्न सक्छ । झन्डै ५२ अरब जङ्गल संरक्षण गर्ने राष्ट्रहरूलाई वितरण गर्ने युरोपेली राष्ट्रहरूको कोटाबाट नेपाललाई त्यति रकम मिल्न सक्छ । यसका लागि सम्बन्धित निकायहरूले बेलैमा पहल गर्न र पहुँच पुर्‍याउन जरूरत छ ।

माथिको १ अरब रूपैयाँमा नजर पुर्‍याएर त्यसमा सशक्त सम्प्रेषण गर्नु तर नेपालका ७५ जिल्लाकै वन कार्यालयहरूमा बरामद भएका झन्डै ५ अरबबराबरको काठपात, गाडीवाहन, जडीबुटीहरूमा नजर पुर्‍याउन नसक्नु दरिद्र मानसिकताको उपज हो । हरेक वर्ष ती अमूल्य निधिहरू तस्करले पचासौं अरबभन्दा बढी अवैध रूपले यहाँ लुटपाट गर्छन् र धरतीको छाती उजाड्छन् । तीमध्ये लेनदेन र भागबन्डामा कोही समातिन्छन् । त्यसमा आधाजति वन कर्मचारी, न्यायाधीश, सरकारी वकिल र तस्करहरूमाझ विवाद र भागबन्डा नमिलेर घामपानीले राष्ट्रको सम्पत्ति नष्ट हुन्छ । तीसौं वर्षदेखि यहाँ त्यस्तो हुँदै आइरहेछ । एउटा असल लेखमा लेखकले आफ्नो आन्तरिक रोग निवारण गर्न जोड दिनुपर्छ । वाह्य राष्ट्रहरूको सहयोगलाई चौतर्फी नजरअन्दाज गरेर लिनुपरे लिन हुन्छ अन्यथा इन्कार गर्नुपर्छ । चीन, जापानलगायत युरोपेली, अमेरिकी विकसित मुलुकहरूले वन तथा वातावरण संरक्षणका लागि छुट्याउने अनुदान रकम कहाँबाट आयो ? त्यसका स्रोतहरू केके हुन् ? त्यसबारे पनि गम्भीर भएर सोच्नुपर्छ ।

औद्योगिक विकासले चरम रूप लिइसकेको वर्तमान विश्वका प्राय: सबै विकसित मुलुकहरू आफ्नो राष्ट्र र संसारका जल, जमिन र आकाशमा भारी प्रदूषण फैलाएर आर्थिक तथा भौतिक विकास गरिरहेछन् । उनीहरूको सम्पन्नताका पछाडि प्रकृतिमाथिको गम्भीर आघात लुकेको छ । कुनैकुनै मुलुकहरू त शस्त्रअस्त्र उत्पादन र बिक्री गरी सम्पन्न र शक्तिशाली बनेका छन्, जुन उपकरणहरू यति ध्वंसात्मक छन् कि सहरबजार, पुल, भवन र मानवबस्तीबस्ती उनीहरूका एक–दुइटा हतियारले विनाश हुन्छन् । तोप, ट्याङ्क, क्षेप्यास्त्र, लडाकु विमान, हेलिकप्टर, राइफल, मेसिनगन, ग्रिनेड त्यसका उदाहरण हुन् । प्रकृति ध्वस्त गरी दसौं अरब आर्जन गर्ने मुलुकहरू आफू प्रकृतिमैत्री देखाउन केही रकम छुट्याएर जोगिँदै त छैनन् ? यसमा गम्भीर र यथार्थ कुराहरूको सोधखोज गर्न खाँचो छ र ती सबैलाई यो भन्न पनि जरूरी छ कि तिमीहरूको रूपैयाँ तिमीहरूकै राष्ट्रको प्रकृतिको सुरक्षामा लगानी गर; हामीबीच विचारधारात्मक, प्राविधिक र बौद्धिक अनुभवहरू मात्र आदानप्रदान गरौं । नेपालमा दशकौंअगिदेखि सत्तारोहण गर्ने राजनीतिक नेतृत्व, नोकरशाही उच्च पदस्थहरू, बौद्धिक वर्ग सबैले आजसम्म पनि विकसित मुलुकहरूसामु दरिद्रता प्रदर्शन गर्दै आएका छन् ।

आज नेपालका हिमाली र पहाडी भेकका प्राकृतिक जङ्गलभित्रका जडीबुटीहरू अन्धाधुन्ध निकालिएका छन् । हिमाली जिल्लाका गरिब जनता ससाना बच्चाहरू काखमा च्यापेर र स्कुल पढ्ने केटाकेटीहरूलाई पनि डोर्‍याएर गरिबीबाट पार पाउन यार्चागुम्बा सङ्कलन गर्न गएको हजारौंको ताँती देखिन्छन् । ती दृश्यहरू खिच्न र टिभी, पत्रिकाहरूमा सम्प्रेषण र प्रचार गर्न कैयौं पत्रकारहरूले ठूलो मेहनत गरेका पनि छन् । प्रसिद्ध फ्रान्सेली फोटोग्राफर एरिक भ्यालीले त 'द यार्चा' नाउँको फिल्मसमेत बनाए । यार्चा र त्यसको सङ्कलन गर्ने जनताका प्रभावशाली दृश्यहरू दिएर अनि हङकङ, सिङ्गापुरमा पहुँच भएकाहरूले अकुत सम्पत्ति पनि कमाए, कमाइरहेछन् । तर ती सबै पत्रकार र फिल्म निर्माताहरूमा अझसम्म यो चेत आएको छैन कि हिमाली भेकका सम्पूर्ण जडीबुटीलगायत यार्चा भनेको हिमालको जीवन्ततासँग सम्बद्ध छ । जुन हिमाल पग्लेर यहाँ खोलानाला बनेका छन् र सन्तुलित वातावरणले बर्साद पनि भएको छ, तब यहाँ पौने तीन करोड जनता खेतीपाती, उद्योगव्यापार, पशुपालन र विविध रोजगारीमा लागी बाँचिर हेछन् । यसरी झन्डै ४ करोड वर्षको इतिहास बोकेको यो हिन्दूकुश पर्वतमाला केही दशकयता सङ्कटमा पर्दै छ । वास्तवमा हिमाली, पहाडी र सबै वनजङ्गलभित्रका जडीबुटीहरू त्यहाँका जीवजन्तु र पक्षीका आहारा र औषधि हुन् । जहाँका काठपातलगायत कुनै पनि जडीबुटीहरू एक टुक्रा पनि निकाल्नु हुँदैन । किनकि त्यहाँको वातावरण सन्तुलित राख्न ती सबैको महान् योगदान हुन्छ । जुन सन्तुलनले त्यहाँ नियमित हिमपात र बर्साद हुन्छ र हिमाल जीवन्त रहन्छ । अनि त्यही हिमाल पग्लेर खोला र नदी बनेर बग्छन् । जसको किनारामा यो मानवसमाज र सभ्यताले आफ्नो अस्तित्व हजारौं वर्षअगिदेखि राख्दै आएका छन् ।

माध्यमिक पढ्दासम्म जाँघे र चप्पल लाएर हिँड्ने गाउँका ठिटाहरू टाइँफाइँ र हाटहुट गरी रापस भनौं सांसद वा सभासद् भएर यो काठमाडौंमा आएपछि र अझ मन्त्री भएपछि उनीहरू रातारात करोडपति बनी सहरबजारमा करोड पर्ने भवनहरू ठड्याउँछन् र करोड पर्ने गाडीवाहनमा सयर गर्छन् । त्यसरी नै दुई थोपा पेट्रोलियमको स्रोत नभएको र एउटा नटबोल्टु नबन्ने मुलुकमा माथि भएझैं केटाहरू भनसुन, जीहजुरी र सामान्य विज्ञान घोकेको भरमा भन्सार प्रमुख, सचिव, मुख्य सचिवजस्ता उच्च र प्रभावशाली सरकारी पदमा पुगेपछि के चाहियो ? राष्ट्र र जनतालाई हरिकङ्गाल पारी सीमित मान्छेहरू राज्यको सम्पत्तिमा लुटपाट मच्चाइरहेछन् । अनि दुर्गम गाउँका गरिब जनता पेटमा चारो हाल्न हिमाल र वनजङ्गलका महामातासमान जडीबुटीलाई शत्रुझैं मानी कोपर्न पुग्छन् । वास्तवमा कोपर्नुपर्ने, झम्टनुपर्ने, बज्रमुक्का हानी धुलोपिठो पार्नुपर्ने कसलाई हो ? र आफ्नो गरिबीलाई सदाका लागि बिदा दिई धरती संरक्षणको अभियानमा आफ्ना सन्तान, दरसन्तानलाई मार्गदर्शन कसरी गर्ने ? यो युगका प्रभावशाली मनुवा पत्रकारहरूमा सही र सत्य प्रकृतिप्रेमी चेतना कहिले आउने ? हिमालसँग सोध, वनजङ्गलसँग सोध ! सोध, नदीभित्र डुबेर !

# मैले देखेको नवौं विश्व सम्पदा : इटलीको मोदेना

— सुरेन्द्र ढकाल —



गिर्लान्दिनाको काथेड्रल



मोदेनाको डुकल प्यालेस



मोदेनाको पिआज्जा (स्क्वायर) ग्रान्डे



मोदेना सहरभित्रको गल्ली



काथेड्रल अगाडि सुरेन्द्र ढकाल



मोदेना सहर

भेनिसको दुई रातको बसाइपछि हामी तेस्रो दिन बिहानै उत्तरी इटलीको विश्व सम्पदा सूचीमा परेको अर्को ऐतिहासिक सहर मोदेनातर्फ लाग्यौं । भेनिसमा ब्रेकफास्ट सकेर बस चढ्दा साढे नौ बजिसकेको थियो । दुई अढाई घण्टाको बस यात्रापश्चात् हामी मोदेना आइपुग्यौं । हामी सबै विदेशी विद्यार्थीहरुलाई पहिले सरासर मोदेनाको मेयरको कार्यालयमा स्वागत गरियो र सबैजनाको परिचयपश्चात् मेयर महोदयले विभिन्न २२ देशका विद्यार्थीलाई मोदेनामा स्वागत गर्न पाउनु खुसीको कुरा हो भन्दै मोदेनाको ऐतिहासिक महत्वमाथि प्रकाश पारिसकेपछि हामीलाई लन्चको लागि आमन्त्रण गरियो । लन्चपश्चात् दुई जना टुरिस्ट गाइडहरु हामीलाई मोदेना सहर देखाउने भनेर तैनाथ गरिएपछि हाम्रो मोदेना सहर अवलोकन सुरु भयो ।

## मोदेना सहर

उत्तरी इटलीको आल्पस हिमश्रृंखलाको काखमा रहेको मैदान (पिआनुरा) जसलाई पादाना भनिन्छ, त्यहाँ रहेको दुई नदीहरु सेक्किया र पानारोको बीचमा टापुको रुपमा मोदेना सहर अवस्थित छ । फलामे युग (Iron Age) मा यहाँ भिल्लानोभान्स जातिहरु बसाबास गर्दथे । पछि गएर लिगुरियन एत्रुस्कान जातिहरु बस्न थाले । इशापूर्वको तेस्रो शताब्दिमा नै मोदेना सहर स्थापना भइसकेको थियो । इशापूर्व २१८मा हानिवालले आक्रमण गरेपछि यहाँका बासिन्दाहरु सहर छोडेर भागेका थिए । इशापूर्व १८३ मा औपनिवेशिक रोम साम्राज्यले मोदेना सहरको पुनर्स्थापना गरेको थियो । भिया अएमिलिया भेरोनाको बीचमा मोदेना सहर रहेको कारण पनि यो सहर रणनीतिक रुपले महत्वपूर्ण बन्न पुगेको थियो । इशापूर्व ७८ मा पोम्पेले मोदेनामाथि चढाइ गरेको बेला रोमन कमाण्डर ब्रुटुस थिए । सिजरको हत्यापछि हत्यारा ब्रुटस पनि मारिन पुगे र त्यसपछि इशापूर्व ४४ मा सम्राट मार्क आन्तोनीले मोदेनामाथि पुनः चढाइ गरे त्यसको प्रतिरक्षा पनि मोदेनावासीले राम्रै गरेका थिए ।

मध्यकालमा आएर मोदेना सहर उत्तर-पश्चितर्फ विस्तार भयो जसलाई नयाँ सहर अथवा चित्तानोभा भनिन थाल्यो जसलाई विसप लुदोभिकुसले वरिपरिबाटै किल्लाबद्ध गरेका थिए । पछि मोदेना तोस्काना वंशको अधिनमा गयो र १२ औं शताब्दिमा सबैको अधिनबाट मुक्त सहर बन्यो । सन् १२८८ पश्चात् मोदेना यस्तै वंशको अधिनमा गयो । सन् १५९८ मा मोदेना सहर पोप फ्रान्चेस्को प्रथमको अधिनमा गएपछि सहरको पुनरुत्थान गर्ने कार्य सुरु भयो जुन फ्रान्चेस्को द्वितीयको शासनकालमा आएर पूर्ण भयो । त्यसबेला मोदेनामा दरबार हरुको निर्माण कलाकृतिको ठूलो विकास भएको थियो । नेपोलियनले मोदनाको विजय गरेपश्चात् यसलाई चिस्पादाने गणतन्त्रको अधिनमा राखिएको थियो तर नेपोलियनको पतनसँगै मोदेना अष्ट्रिया साम्राज्यभित्र पर्न पुग्यो । त्यसको १० वर्षपछि सन् १८५९ मा इटलीको साभोया वंशको अधिनमा आएपश्चात् मोदेना इटलीको भूखण्डभित्र पर्न पुग्यो । अहिले मोदेनाको प्रशासन मोदेना महानगरपालिकाले हेर्ने गर्दछ । मोदेना इटलीकै धेरै सहरहरुमध्ये एक प्राचीन र ऐतिहासक सहर हो । यहाँको दर्शनीय स्थल भनेको दुकाल दरबार, टाउन हल र गिर्लान्दिनाको काथेड्रल पर्दछ । दुकाल दरबार फ्रान्चेस्को प्रथमले सन् १६३४ मा निर्माण गर्न लगाएका थिए । जुन १७ औं शताब्दीको अन्त्यसम्मै एष्ट वंशको सरकारको मुख्य थलो थियो । यसको डिजाइन कोर्तोना, बेर्निनी र वोरोम्मिनीले गरेका थिए । यस दरबारको विशेषता भनेको यसमा जडान गरिएका कलापूर्ण बत्तीहरु नै हुन् जसको कारण यो दरबार विश्वप्रख्यात हुन पुग्यो । अहिले यस दरबारमा मिलिटरी एकेडेमी, म्युजियम र पुरातात्विक पुस्तकालय रहेको छ । वारोक शैलीमा बनेको यस दरवारमा सैनिक कार्यक्रमहरु संचालन गरिन्छन ।

मोदेनाको टाउनहल भने मोदेनाको ग्रान्दे स्क्वायर (पिआच्जा) मा रहेको छ । यस स्क्वायरमा भएका पुराना दरबारको कारण यो यूनेस्कोको विश्व सम्पदा सूचीमा परेको छ । यस दरबार परिसरमा तोर्र्रे देल्लोरोजो र तोर्र्रे चिभिका गरी दुई घण्टाघर रहेका छन् । यस दरबारको विशेषता भनेको दरबारभित्र रहेको अग्नीशाला (साला देल फुओको) नै हो । साँच्चैको आगो जस्तो देखिने गरी गरिएको यस हलको पेन्टिङ निकोलो देल्लावात्ते सन् १५४६ मा गरेका थिए । त्यसै गरी गिर्लान्दीनाको काथेड्रल र त्यसैसँग जोडिएको घण्टाघर पनि यूनेस्कोको विश्व सम्पदा सूचिमा रहेको छ । यो काथेड्रलको शिलान्यास सन् १०९९ मा गरिएको थियो र डोमोसँगै यसको निर्माण कार्य सन् ११८४ मा सम्पन्न भएको थियो । क्रिश्चियन धर्म र वाइवलमा उल्लेख भएका कुराहरुको आधारमा बनाइएका धर्मयुध्द (क्रुसेद) र त्यससँग सम्बन्धित मूर्तिहरु यस काथेड्रलका विशेषताहरु हुन् । ढलौटका सिक्रीले बेरिएको घण्टाघरको निर्माण भने १२२४ मा शुरु भएर १३१९ मा सम्पन्न भएको थियो । भेनिस जाने पर्यटकहरु धेरैजसोले मोदेनाको भ्रमण गर्ने हुँदा यो विश्व पर्यटकीय स्थल बनेको छ ।

Remember us for the Construction of Private and Public Works

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

- अवरोधमुक्त वातावरण भएमा अपाङ्गता भएका व्यक्तिहरू सामान्य सामुदायिक गतिविधिहरूमा सहभागी बन्न सक्छन् ।
- अपाङ्गता भएका बालबालिका र महिलाहरू दोहोरो बचितिकरणको मार मा पर्ने देखिन्छ । त्यसैले उनीहरूलाई प्राथमिकतामा पारेर कार्यक्रमहरू विकास गर्न जरूरी हुन्छ ।
- अपाङ्गता अयोग्यता वा व्यक्तिको दोष होइन यो एउटा शारीरिक वा मानसिक अवस्था हो । अवसरहरू प्राप्त भएमा कुनै पनि प्रकारका चुनौतीपूर्ण कामहरू गर्न सक्षम हुन्छन् ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

आधा आकाश

■ वसन्तप्रताप सिंह

# “छोरी मरे अर्की जन्माउँला”

बझाङ । दुर्गाथली गाउँपालिकाको सैनपसेला वाइकोटकी शान्ति जप्रेलको घरमा गएका जिल्ला स्वास्थ्य कार्यालयका पोषण अधिकृतले शान्तिकी तीन वर्षकी छोरी अस्मितालाई कडा खालको कुपोषण भएको पत्ता लगाए । उनले कुपोषित बालिकाको उपचार निःशुल्क गरिने भन्दै जिल्ला अस्पतालको पोषण पुनर्स्थापना केन्द्रमा भर्ना गर्न अनुरोध गरे ।

शान्तिको परिवारले सानी छोरीको उपचारका लागि धामीझाँक्री लगाउँदा ७-८ हजार खर्च गरिसकेको थियो । छोरीको माया मारिसकेको भन्दै स्वास्थ्यकर्मीको अनुरोध शान्तिले अस्वीकार गरिन् । शान्तिका श्रीमान् चार वर्षदेखि मलेसियामा छन् । घरमा बूढा ससुरा छन् । अरू छोराछोरी पनि हेर्नुपर्‍यो । अस्पताल जाँदा घरमा कोही नहुने भन्दै शान्तिले छोरीको उपचार गर्नै मानिनन् । त्यसपछि पोषण अधिकृत इन्द्र कार्कीले अस्मितालाई उपचारका लागि जिल्ला अस्पतालमा भर्ना नगरे प्रहरीमा उजुरी गर्ने धम्की दिए । त्यसपछि उनले डरले पनि छोरीलाई जिल्ला अस्पतालमा भर्ना गरिन् ।

दुई दिनसम्म त शान्ति अस्पताल बसिन् । तर, तेस्रो दिन दिउँसो खाजा खाने निहुँ पारेर छोरीलाई लिएर निस्केकी उनी अस्पताल फर्किनन् । बिरामी हराएपछि अस्पतालमा खैलाबैला भयो । उनको खोजी गरिदिन अस्पतालले प्रहरीलाई गुहार्‍यो । खोज्दै जाँदा प्रहरीले उनलाई घरमा फेला पार्‍यो । गत पुसको अन्तिम साता अस्मिताको कुपोषणकै कारण मृत्यु पनि भइसकेको छ । 'तीन दिनसम्म अस्पताल बस्दा घरमा गाईवस्तु र घरको काम डामाडोल भइसकेको थियो । बूढा ससुराले घर धान्न सक्ने कुरा भएन । मरे मर्ली बाँचे बाँच्ली भनेर अस्पतालबाट भागेर आएँ । घर पुगेको भोलिपल्ट मरिहाली,' अस्पताल जानु पहिला नै छोरी मर्छे भनेर आफू अस्पतालबाट भागेको उनी स्वीकार गर्छिन् ।

पुसको पहिलो साता खिरातडी गाविसकी साढे चार वर्षीया बालिका करिश्मा कुँवरको पनि कुपोषणकै कारण ज्यान गयो । स्वास्थ्यकर्मीले उनको परिवारलाई उपचार गर्नका लागि धेरै सम्झाए । छोरी मरे अर्की जन्माउँला । अस्पतालमा गएर हप्तौँ उपचार गर्दा घरको काम बिग्रन्छ भनेर परिवारले उपचार गर्न मानेनन् । जिल्ला स्वास्थ्य कार्यालयको शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रमका प्रमुख डाक्टर सुनील गजुरेलले भने, 'जति सम्झाउँदा पनि परिवारले मानेन । हेर्दाहेर्दै बालिकाको ज्यान गयो ।'

यी दुवै गाउँबाट सदरमुकामस्थित जिल्ला अस्पताल आउन-जान एक दिन लाग्छ । तर, अचम्म के छ भने जिल्ला अस्पताल सिमखेतबाट करिब पाँच सय मिटरको दूरीमा रिठापाटा भन्ने गाउँ छ । त्यो गाउँकी तुल्सी नेपालीका तीनजना छोरीमा अहिले पनि कडा खालको कुपोषण छ । तीनमध्ये पनि दुई वर्षकी सरस्वतीको समयमा उपचार भएन भने ज्यानै जाने खतरा छ । तर, स्वास्थ्यकर्मीले घरमै गएर दर्शौंपटक उपचारका लागि अनुरोध गर्दा पनि उनले मानेकी छैनन् । तुल्सी भन्छिन्, 'मेरो जेठो छोरा पनि सानोमा यस्तै थियो । अहिले बेंग्लोर गएर पैसा कमाउने भइसक्यो । यिनीहरू हाम्रो नाम बेचेर पैसा खानलाई दिनदिनै अस्पताल भर्ना गर्नुपर्छ भनेर हैरान पार्छन् । धेरै दिन गाली गरेर पठाइसकेँ, आउन छाडेका छैनन् ।' कुपोषणको उपचार गर्दा निको हुन्छ भन्ने ज्ञान नपाएकी उनी उल्टै स्वास्थ्यकर्मीलाई यसरी गाली गर्छिन् ।

रिठापाटा गाविसमा काम गर्ने जिल्ला स्वास्थ्य कार्यालयकी पोषण अधिकृत सविता शाही ठकुरीले तुल्सीलाई घरमै गएर धेरैपटक उपचार गर्नका लागि सम्झाएको, तर उनले उल्टै गाली गरेर पठाउने गरेको सुनाइन् । उनले भनिन्, 'मरे मेरै छोरी मर्छे । तिमीहरूलाई के खसखस भनेर उल्टै हप्काउँछन् । बच्चीको अवस्था हेरेर दया लाग्छ । डाक्टरहरूले पनि सम्झाउँदा मान्दै मानेकी छैनन् ।'

जिल्ला स्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार हालसम्म जिल्लाभर मध्यम र कडा खालको कुपोषण भएका कुल एक हजार तीन सय २५ बालबालिकामध्ये ७ सय ६१ जना बालिका छन् । अभिभावकले उपचार गर्न नमान्दा यीमध्ये अधिकांश बालिकाको ज्यान खतरामा छ । कात्तिकयता मात्र यस जिल्लामा कुपोषणका कारण चारजनाले ज्यान गुमाइसकेका छन् । ज्यान गुमाउनेहरू सबै बालिका नै थिए । त्यसो त छोरालाई मीठो मसिनो खुवाएर हुर्काउँछन् र कुपोषण हुने सम्भावना कम हुन्छ । छोरालाई कुपोषण भयो भने अस्पताल लैजान्छन् भने छोरीलाई वास्तै गर्दैनन् ।

**छोरालाई मीठो-मसिनो खुवाएर हुर्काउँछन् र कुपोषण हुने सम्भावना पनि कम हुन्छ । अधिकांश छोरीले भने पेटभरि खान नपाएका कारण कुपोषित हुनुपर्छ । कुपोषित बालिकाका आमाहरू छोरी मरे अर्को जन्माउँला पो भन्छन् ।**

'छोरा र छोरीमा यो हदसम्मको विभेद होला भनेर कल्पनासम्म गरेको थिइनँ,' जिल्ला स्वास्थ्य कार्यालयको शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रमका प्रमुख डाक्टर सुनील गजुरेल भन्छन्, 'निःशुल्क उपचार हुन्छ । कुरुवालाई पनि खान-बस्नको व्यवस्था हामी नै गर्छौं भन्दा पनि छोरीको उपचार गर्न मान्दैनन् । यो मरे अर्की जन्माउँला भनेर सजिलै भन्छन्, म त छक्क परेको छु ।' अस्पतालमा उपचार गराउनुको साटो कुपोषित बालिकालाई स्थानीय वैद्य र धामीझाँक्रीलाई देखाउने, बान्द्रे लागेको भन्दै जिउभरि बाँदरको दिसा दलिदिने प्रचलन रहेको उनले बताए ।

जिल्लाभर गरेको सर्वेक्षणमा खाद्यान्न अभाव, अशिक्षा, अन्धविश्वास र असुरक्षित खानपान व्यवहारका कारण यहाँका धेरैजसो बालबालिकामा कडा खालको कुपोषण रहेको पाइएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । कुपोषितहरूमध्ये पनि आधाभन्दा बढी बालिका रहेको र छोराछोरीमा गरिने विभेदका कारण उपचार नपाउँदा धेरैजसो छोरीको ज्यान जोखिममा रहेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डाक्टर विष्णु खतिवडाले बताए । 'जिल्लामा उपचार नहुने खालका बिरामीलाई हामी नै खर्च दिन्छौँ । उपचार गर्न जाऊ भन्दा पनि मान्दैनन् । घरको काम अलपत्र पर्ने बहाना देखाएर अस्पतालबाट भाग्छन् । धेरैजसो कुपोषित छोरीले कलिलै उमेरमा ज्यान गुमाउनुपरिरहेको छ,' उनले भने ।

घरमा खानपान र हेरचाहमा हुने विभेदका कारण पनि बालिकामा बढी कुपोषण हुने गरेको जानकारहरू बताउँछन् । दलित महिला सङ्घकी अध्यक्ष आशा विक भन्छिन्, 'छोरा भए मीठो-मसिनो खान दिने, सुत्केरीलाई पनि माया गर्ने गर्छन् । छोरी पाउँदा परिवारले खानपिन र हेरचाहमा खासै वास्ता गर्दैनन् । जन्मनेबित्तिकै विभेदमा पर्ने भएकाले बालिकामा कडा खालको कुपोषण बढी देखिएको हो ।'

कुपोषणको यो भयावह चित्र भएको बझाङ जिल्लामा काम गर्ने कोही नभएको भने होइन । गैरसरकारी क्षेत्रबाट सञ्चालित सुआहारा, एकीकृत बहुक्षेत्रीय पोषण कार्यक्रमले मात्र यस जिल्लामा पोषणको नाममा हालसम्म ३० करोडभन्दा बढी खर्च गरिसकेका छन् । यस्तै सरकारी स्तरबाट सञ्चालित कृषि तथा खाद्य सुरक्षा कार्यक्रम र जिल्ला स्वास्थ्य कार्यालय, महिला विकास कार्यालयलगायतका कार्यालयले पोषणको नाममा खर्च गरेको रकमको ग्राफ योभन्दा दोब्बर हुने गरेको छ । यसमध्ये ९० प्रतिशतभन्दा बढी रकम पोषणसम्बन्धी चेतना जागरणमा खर्च भएको विभिन्न तथ्याङ्कमा उल्लेख छ । तैपनि दुर्गम गाउँका बालिका कुपोषणको सिकार भइरहेका छन् ।

*(संचारिका फिचर सेवा)*

# आरम्भमा गाईजात्रा




काठमाडौं । आरम्भ साहित्य मञ्चले गाईजात्राको अवसर पारेर पाँचौं वार्षिकोत्सव मनाएको छ । आरम्भका अध्यक्ष प्रेम ओली 'ढकलपुरे' को अध्यक्षतामा भएको उक्त कार्यक्रमका प्रमुख अतिथि डा. तुलसी भट्टराई हुनुहुन्थ्यो भने चट्याङ मास्टर, ज्ञानुवाकर विशेष अतिथि रहनुभएको थियो । कार्यक्रममा कविहरुले राजनीति, नेता, सामाजिक विकृति, भ्रष्टाचारलगायतका विषयबस्तुमाथि व्यङ्ग्यवाण चलाएका थिए भने मायाप्रीतिमा पनि रमाइला गीत गजल प्रस्तुत गरेका थिए । कसैले तीज गीतमा पनि व्यंग्य गर्न भ्याए । चट्याङ मास्टर, ज्ञानुवाकर, प्रेम ओली ढकलपुरे, पुन्य आचार्य, केरा अर्याल, डिल्लीप्रसाद मुलत्युन, रुद्र अधिकारी, उदय दास, गोपाल नेपाल, विजय विश्वास, रघु अधिकारी, द्वारिका कुइँकेल, देवीप्रसाद सापकोटा, ऋचा, भुवन सिवाकोटी, अभी ओली, राधा कार्की, डा. बिदुर वस्ती, पुष्पा खनाल, शशी थापा, सुमन घिमिरे, बर्षा विमला अधिकारी, उर्मिला पन्त, मुकुन्द न्यौपानेलगायत कविहरुको जोडदार गाईजात्रे प्रस्तुतिले दर्शकलाई भरपुर मनोरन्जन प्रदान गरेको थियो । उक्त कार्यक्रममा कालीप्रसाद पोखरेल, दमोदर नेपाल र घट्टेकुलो विकास समाजलाई सम्मान प्रमाणपत्र समेत प्रदान गरिएको थियो । आरम्भका अध्यक्षले त्यस कार्यक्रमलाई विशेष सहयोग पुर्‍याउने कवि प्रविण भन्डारीलाई धन्यवाद प्रकट गरेका थिए । संस्थाका संस्थापक सदस्य रघुनाथ अधिकारीले स्वागत मन्तब्य दिएका थिए भने कवि विजय विश्वासले कार्यक्रमम सञ्चालन गरेका थिए ।

# मञ्जुर वर्ल्डको स्मृति सभा



**नेपालमा २०४६ साल चैत्र २६ गतेको राजनीतिक व्यवस्था परिवर्तनपश्चात् राजनीतिक विवाद टुंगिसकेको छ । यसैको जगमा नेपालले समृद्धि हासिल गर्न सक्छ । पूर्ण रूपमा स्थापित प्रजातन्त्र जोगाउने जिम्मेवारी अब प्रत्येक देशभक्त, प्रजातन्त्रवादी नागरिकहरूको काँधमा आइपरेको छ । 'राजसंस्था कमजोर हुनासाथ राष्ट्रियता पनि कमजोर हुँदै जाने निश्चित छ'**

**– शहिद मञ्जुर वर्ल्ड**

नेताहरूको खडेरी परिराखेको वर्तमान नेपालमा जलमार्ग, वर्क परमिट र १८१६ को सुगौली सन्धिले गुमेका भू-भाग फिर्ता पाउनुपर्ने जस्ता राष्ट्रिय मुद्दाहरू उठाउनु हुने, साम्प्रदायिकवाद, विभाजनवाद र क्षेत्रीयतावादलाई भूलले पनि समर्थन गर्दिन भन्ने विचारमा अडिग दूरदृष्टिमार्फत सम्पूर्ण नेपालीहरूलाई सजग र चनाखो रहन मार्ग दर्शन गरेर साथै “बाच्नको लागि खाने कि ? खानको लागि बाच्ने” भन्ने विचारोत्तेजक विचारलाई नेपाली समाजमा छोडेर जानुभएका नेपालको भू-राजनैतिक संवेदनशील अवस्था र कुटनीतिक शुन्यता प्राय भैराखेको राजनीति, दिशा बिहिन अवस्थाबाट गुज्रिराखेको अवस्थामा र देशलाई दिशाबोध गर्न नेतृत्व तहका सबै असक्षम बनिराखेको सन्दर्भमा राष्ट्रिय समाज सुधार संस्थाले गर्ने कुनै पनि गतिविधि माथि कहिं कतै राजनीति गरेको देखेमा “विकासको लागि राजनीति” गरेको भन्ने बुझ्नु पर्छ भन्ने सिद्धान्त, कार्यक्रम र नीति बोक्ने, कुशल संगठनकर्ता, प्रजातान्त्रिक राष्ट्रवादका पक्षधर साथै समाजमा देखा परेका कुरीती र विकृति मौलिन दिनु हुँदैन जरैसमेत उखेल्नु पर्छ भन्नु हुने मञ्जुर वर्ल्डको वाणी अहिलेको अवस्थामा निकै नै समसायिक छ ।

२०३६ साल असार १० र १४ गतेको विचमा राष्ट्रिय समाज सुधार तथा शान्ति संस्थाको मुख्य उदेश्य “शान्तिको माध्यमबाट राष्ट्रव्यापी पिछडिएको समाजमा सुधार गर्ने नै यस संस्थाको मूल उदेश्य हो भने राष्ट्रियता र स्वतन्त्रतालाई पनि यस संस्थाले सर्वोपरि राख्छन” भन्ने राष्ट्रिय समाज सुधार संस्थाका संस्थापक केन्द्रीय अध्यक्ष मञ्जुर वर्ल्डको हस्ताक्षरबाट लिखित बाक्यांशलाई वाचन समेत गरी देशको संवेदनशील परिवेशमा गम्भिर तवरले चिन्तन मनन गरी लेखनाथ साहित्य सदन सोह्रखुट्टेको सभाहलमा संस्थापक केन्द्रीय अध्यक्ष मञ्जुर वर्ल्डको २८ औं स्मृति सभा कार्यक्रम सम्पन्न भएको छ ।

मञ्जुर वर्ल्डकी सहोदर बहिनी नीरा रंजितले आफ्नो दाजुलाई भेट्न ठूला-ठूला नेताहरू घरमा आउने गर्नुहन्थ्यो भन्दै षडयन्त्रकारीहरूले गरेको षडयन्त्रहरू माथी पर्दाफास गर्दै आफ्नो दाजु पैसा, पद र प्रलोभनमा नफसेकोले नै वहाँको हत्या सुनियोजित ढंगबाट भएको थियो भन्नु भयो । वहाँले राज्यस्तरबाट पशुपतिनाथ भित्रको काण्ड, भाटो जात्राको काण्ड, इन्द्रजात्रा जस्ता सांस्कृतिक पर्वहरूमा गरेका हस्तक्षेपकारी कृयाकलापहरू विरुद्ध सशक्त आन्दोलन गर्नुहुने रघुराज राजभण्डारी जस्ता युवाहरू जुर्मुराएर खवरदारी नगरेको भए सरकारले थप गर्नु हुने नहुने कार्यहरू गरेर नेपाली जनतालाई अस्तव्यस्त पार्ने थियो भन्नु भयो ।

ज्ञातव्य रहोस राष्ट्रियता, प्रजातन्त्र र समाज सुधार प्रति संधै अग्रसर रहन्छौ भन्ने संकल्प सहित २०३० साल फाल्गुण ७ गते स्थापित राष्ट्रिय समाज सुधार संस्थाले पुनः एकिकृत नेपाल र हाम्रो नेपाल, विशाल नेपाल २ वटा कृति जन समक्ष ल्याइ सकेको छ भने संस्थाका संस्थापक केन्द्रीय अध्यक्ष एवं प्रजातान्त्रिक राष्ट्रवादका पक्षधर मञ्जुर वर्ल्डको ४८ औं जन्म जयन्तीको पुण्य दिनमा २०५९ सालमा स्वयम्भू, भूइखेल देखि वहाँको जन्मस्थान का.म.पा २० वडा मजिपाट टोल हुँदै विभिन्न स्थानहरूको नगर परिक्रमा गरी खुल्लामञ्चमा आयोजित श्रद्धाञ्जली सभा कार्यक्रम मार्फत सहभागी जनसमूहको कर्तल ध्वनी र ताली सहित शहिद घोषणा गर्न समर्थ भैसकेको छ ।

# नेपाली राजनीतिमा युवा आरक्षण ?

**चन्द्रभूषण साह**

हरेक नीतिको मूल नीति मानिने राजनीतिमा युवा आरक्षण सुन्दा र पढ्दा धेरैलाई असहज लग्न सक्छ तर यो हाम्रो देशको कटु यथार्थ हो । किनभने, नेपालको कुनै पनि राजनीतिक पार्टीको मूल संगठनमा युवाहरुको उच्च नेतृत्व र निर्णय तहसम्म पहुँच लगभग शून्य छ भन्दा खासै आपति नहोला । विगतदेखि वर्तमानसम्म देशका हरेक राजनीतिक परिवर्तनको आन्दोलनहरुमा नेतृत्वदायी सक्रिय सहभागितादेखि बलिदानीमा समेत युवाशक्ति परिवर्तनको मूल संबाहकको रुपमा आफ्नो भूमिका अग्रपंक्तिमा दर्ज गराएका छन तर परिवर्तित अवस्थाको व्यवस्थापक युवा नै भएको उदाहरण विरलै पाइन्छ । चाहे त्यो क्रान्तिकारी आन्दोलन अधिकार, पहिचान, विकाश र समृद्धि जेसुकैको नाममा किन नहोस् ।

वर्तमान समयमा नेपालमा आरक्षण शब्दसँग नै एलर्जी हुने विद्वान, सामन्ती र शोषक मित्रहरुलाई भन्नु खासै केही छैन तर काम गर्ने कालु मकै खाने भालु भन्या जस्तै राष्ट्रका सच्चा पहरेदार, परिवर्तनका हिमायती, जोश र जागरले भरिपूर्ण, क्रियाशील, आधुनिकीकरणलाई अँगाल्न सक्ने र भविष्यलाई नयाँ सोच र कार्य दिशा प्रदान गर्न सक्ने देशको अग्रगमनका लागि कुल क्रियाशील जनसंख्याको लगभग ८५५ भन्दा बढी रहेको उर्वर युवा शक्तिलाई राष्ट्र निर्माणको मूल प्रवाहमा नल्याई उज्जवल भविष्यको परिकल्पना गर्नु मुश्किल मात्र हैन लगभग असम्भव नै देखिन्छ ।

नेपालमा अध्यक्षमुखी राजनीतिक पार्टी, जनवर्गीय संगठनको रुपमा युवाको प्रयोग र विगतदेखि वर्तमानसम्मको संसदीय अभ्यासलाई नजिकबाट विचार गर्दा राष्ट्रको माथिल्ला ओहदामा जस्तैः राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सभामुख, संसद... जस्ता गरिमामय, जिम्मेवार, अधिकार सम्पन्न, अर्थपूर्ण र प्रभावशाली क्रियाशील पदहरुमा युवालाई खुलेआम घोषित रुपमा नै निषेध गरेको तितो यथार्थ हाम्रासामू छरपस्ट नै छ । पछिल्ला केही वर्षयता तुलनात्मक रुपमा झिनो युवाको सहभागितामा भएको अभिवृद्धिको मुख्य कारण विभिन्न आन्दोलनहरुको माग, चर्को जनदबाब, युवाहरुको सोच र कार्यशैली प्रतिको बढ्दो लोकप्रियता र जनविश्वास र पार्टीहरुको संगठन निर्माणमा भएको विवशतालाई सकारात्मक सुरुवातको रुपमा भने लिन सकिन्छ तर यसबाट सन्तुष्ट भने कदापी हुन मिल्दैन ।

नेपाली राजनीतिमा युवा आरक्षणको आवश्यकता महसुस् हुनुको मुख्य कारण भने हाम्रो पुराना परम्परागत सोच (चिन्तन) र अभ्यासको फलस्वरुप उत्पन्न वास्तविक समाजिक र राजनीतिक परिस्थिति र घोषित तथा अघोषित राजनीतिक निषेध नै रहेको पाइन्छ । किनभने, हाम्रो परम्परागत सोचको अभ्यास भएको समाजमा युवालाई एउटा अदक्ष, कमसल (कमजोर), पिछलग्गु, अपरिपक्व, होश नभएको, सोझो र तुच्छ जनावर (भेडा र बाँदर) अनुकुलता अनुसारको संज्ञा दिई युवामा त्रास र चिन्ता पैदा गरी युवाको सोच, शक्ति र सामर्थ्यलाई मोनोपोलाईजेशन गरी संकुचित र कमजोर बनाइन्छ तर वास्तविकतामा त्यसको ठिक विपरीत केही अपवादबाहेक राष्ट्रिय तथा अन्तर ाष्ट्रिय रुपमा ख्यातिप्राप्त व्यक्तित्वहरुले आफ्नो जीवनको उद्देश्यको सोच युवा अवस्थामा नै तय गरेको तथा केही प्रतिकुल अवस्थाको बाबजुद पनि नयाँपनाको प्रयोग गरी केही युवा उदाहरणीय कार्यबाट विश्वलाई चकित तुल्याउन सफल भएका छन् भने, केही युवा समाजको मोनोपोलाईजेशन, साथ, सहयोग सदभाव र विश्वासको कमीले गर्दा पछिलो समयसम्मको निरन्तरताले आफूलाई बुढेसकालमा सहि साबित गर्ने सफल भएका छन् भने, केही युवा पूर्णरुपमा मोनोपोलाईजेशनमा परी आफ्नो नवीन सोच र सामर्थ्यको भ्रुण हत्या गर्न बाध्य भएको अतितलाई समाजले खासै लेखाजोखा राख्ने नगरेको कुण्ठित यथार्थ हामी सम्मु छ ।

**नेपाली राजनीतिलाई थप कार्यक्रममुखी बनाउनको निम्ति, युवा जमातलाई अपनत्व महसुस गराउन युवाको भविष्य युवाकै हातबाट सुन्दर, सबल र सशक्त बनाउनु आजको अपरिहार्यता हो**

उदाहरणका लागि हाल नेपाललगायत विश्वका केही अवसर पाएका वास्तविक युवा नेता र उद्यमीलाई मात्र लिए तापनि तिनीहरुले आफ्नो कार्यप्रतिको लगाव, इमानदारिता, राष्ट्र प्रेम, सहअस्तित्व, सदाचार र सदभाव, आधुनिकीकरणको प्रयोग, आफ्नो सोचमा आफ्नै नेतृत्वदायी भूमिकाको अवसर र नयाँपनको कारण युवा उमेरमै उदाहरणको रुपमा स्थापित हुन सफल भएका छन् । जस्तैः मार्क जुकरबर्ग (फेसबुक), स्टेभ जेम्स एप्पल)....आदि इत्यादि ।

यसो भन्दै गर्दा वृद्धहरुको योगदानलाई भने अवमूल्यन गर्ने मिल्दैन किनभने, आजको कुनै पनि अविष्कार र उपलब्धि विगतको संचित उपलब्धिहरुमाथिको एउटा थप र अतिरिक्त उपलब्धि हो । किनभने २१ औं सताब्दीको विश्व प्रशिद्ध व्यक्तित्वहरुको जन्म ५औं शताब्दीमा भएको भए यही स्तरको अविस्काररर परिवर्तन गर्ने असक्षम हुन्थे होला ठिक त्यसै अनुसार आजको युवा आफ्ना अग्रजहरुको औला समातेर हिँड्न सिकेका कारण उहाँहरुमा रहेका विद्यमान गुण विशेषता, कार्य कुशलता, अतीतका अनुभव, सोच र चिन्तनका बारेमा जानकार भइसकेको छन् र थप नयाँपना तथा आधुनिकीकरणसंगको अभ्यास बिचको अनुपम संयोगिक योगबाट भविष्यलाई नयाँ कार्यदिशा प्रदान गर्नसक्ने क्षमता र विचारको भण्डारको रुपमा नेपाली राजनीतिमा युवा आरक्षणको माध्यमले युवाको शक्ति र सामर्थ्यको यथोचित सदुपयोग गर्न सकिन्छ ।

नेपाली राजनीतिलाई थप कार्यक्रममुखी (क्रियाशील) बनाउनको निम्ति, युवा जमातलाई अपनत्व (आफ्नोपन) महशुस गराउनको निम्ति तथा युवाको भावना र कुशल विचारको माध्यमले युवाको भविष्य युवाकै हातबाट सुन्दर, सबल र सशक्त बनाउनका लागि समेत यसको अपरिहार्यता छ । किनभने, राजनीतिकमा युवाहरुको आधुनिकीकरणको प्रयोग जस्तैः अंक गणितीय, तथ्यांकशास्त्रीय, ज्यामितीय तथा अन्य वैज्ञानिक उपकरणहरुको प्रयोगले केहि हदसम्म अनिश्चिततामा निश्चितता प्रदान गर्न तथा राजनीतिकप्रतिको समाजिक मोह र आदर्शलाई माथी उठाउनकालागि समेत यसको आवश्यकता देखिन्छ, वर्तमान राजनीतिक परिस्थिति र पृष्ठभूमिलाई मध्य नजर गर्ने हो भने राजनीतिक रुपमा मोनोपोलाईज् र सङ्कुचनमा परेका, अर्थिक रुपमा कमजोर, समाजमा क्षमताप्रतिको आशंका, घृणित खेलको रुपमा स्थापित राजनीतिप्रतिको युवा आदर्श र धारणा, अभिभावकको अपेक्षा र चलेको चलन जस्ता आधारभूत कारणलेगर्दा आम युवालाई बिना आरक्षण राजनीतिमा न्यायोचित सहभागिता केहि बर्षसम्मकोलागि लगभग असम्भव नै देखिन्छ । त्यसकारण, आज र अहिलेबाट यस पुनित कार्यमा तपाई हामी लगायत देशको सम्पूर्ण राजनीतिक दल(पार्टी) र व्यक्ति , निर्वाचन आयोग, बिभिन्न संघसंस्था, बुद्धिजिबी, नागरिक समाज, पत्रकार लगायतका सरोकारवाला सम्पूर्णले व्यक्ति तथा निकायहरुले नेपाली राजनीतिमा युवा आरक्षण विषयमा ईमान्दारिता पुर्वक खुलेर बहस प्रारम्भगरी यसको न्यायोचित, व्यवहारिक एवम् बैज्ञानिक प्रयोगमाथि जोड दिने बेला भएको छ किनभने, मुख्यतः बृद्धको अनुभव र युवाको आँकलन तथा बृद्धको होश र युवाको जोश बिचको शक्ति सन्तुलनको निम्ति समेत वर्तमान राजनीतिमा युवाहरुको उच्च नेतृत्व र निर्णय शक्ति केन्द्रहरुमा पहुँच आवश्यक देखिन्छ ।

# चिसिएको अमेरिकी-रूसी सम्बन्ध



विष्णु भट्टराई

दोस्रो विश्वयुद्धमा सोभियत संघलाई नेतृत्व प्रदान गरेका जोसेफ स्टालिनको मृत्युपछि रुसको नेतृत्वमा आएका जर्जी मेलेनकोभलाई हटाउँदै सत्तामा आएका निकिता खुस्चोवले अमेरिकासँगको सम्बन्धमा भने सुधार ल्याउन सकेनन् । यद्यपि उनले आफ्नो कार्यकालमा उनलाई असाध्यै विश्वास गर्ने स्टानिलविरुद्धका गतिविधिले रुसी सत्तामा संकट ल्याइदियो । सन् १९९० मा सोभियत संघ औपचारिक रूपमा विघटन भएपछि रुस त्यसको उत्तराधिकारी बन्न पुग्यो र सोभियत संघमा जोडिएका १५राष्ट्र आज स्वतन्त्र राष्ट्रका रूपमा स्थापित भएका छन् ।

गत वर्ष अमेरिकाको राष्ट्रपति निर्वाचनमा रुसले मन पराएका भनिएका डोनाल्ड ट्रम्प निर्वाचित भए पनि यी दुई देशबीचको सम्बन्धमा सुधार आउने आँकलन गरिएको थियो । तर ट्रम्पले आफू सत्तामा आएको ७ महिनापछि रुस, इरान र उत्तर कोरियामाथि प्रतिबन्ध लगाउने विधेयकमा हस्ताक्षर गरेपछि पुनः एकपटक रुस अमेरिका सम्बन्ध पुरानै अवस्थामा पुगेको देखिएको छ ।

अमेरिकी कंग्रेसका दुवै सदन (हाउस अफ रिप्रेजेन्टेटिभ र सिनेट) ले प्रतिबन्ध लगाउने विधेयक पारित गरेपछि ट्रम्पले त्यसमा हस्ताक्षर गरेका हुन् । रुससँग निकै नरम देखिँदै आएका उनको यो कदमले पुनः रुस अमेरिकासँग रुष्ट बनेको छ ।

अमेरिकाको नयाँ प्रतिबन्धसँगै रुस अहिले अमेरिकासँग बढी नै रुष्ट देखिएको छ । जसबारे रुसले कडा जवाफसमेत फर्काइसकेको छ । रुसी प्रधानमन्त्री दिमित्री मेदभेदेवले रुसमाथिको अमेरिकी प्रतिबन्धलाई 'ट्रेड वार' अर्थात् व्यापारिक युद्धको घोषणका रूपमा लिएको उल्लेख गरिसकेका छन् । सो विधेयकलाई ट्रम्पले भिटो पावरको प्रयोग गरेर निस्तेज पार्न पनि सक्थे । तर उनले त्यसो गरेनन् र रुस, इरान र उत्तर कोरियामाथि पुनः प्रतिबन्ध लगाउने विधेयकमा हस्ताक्षर गरेपछि उनी कति लाचार बन्दै छन् र उनीमाथि कसरी कंग्रेसको छाया परिरहेको छ भन्ने प्रस्टसमेत भएको छ । रुसले पनि कंग्रेसले ट्रम्पलाई अपमानित गरेको र उनी लाचार बनेको टिप्पणी गरेको छ । रुसमाथि सन् २०१६ मा भएको राष्ट्रपति निर्वाचनमा रुसी हस्तक्षेप र युक्रेनमा कारबाहीकाविरुद्ध रुसलाई दण्डित गर्ने गरी सो विधेयक ल्याएको हो ।

ट्रम्पले राष्ट्रपति निर्वाचनमा रुसी हस्तक्षेप भएको भनाइको प्रतिवाद गर्दै आएका छन् । उनले रुसमाथिको प्रतिबन्धको जिम्मेवार कंग्रेसलाई ठहर गर्दै यसको नतिजा अमेरिकाको पक्षमा नहुने समेत दाबी गरेका छन् । अमेरिकाको हितमा यो प्रतिबन्ध छैन भन्ने जान्दा जान्दै उनले किन हस्ताक्षर गरे त ? ट्रम्पमाथि अमेरिकी कंग्रेसले घेरा हालिसक्यो र उनी यी सबै निर्णय गर्न स्वतन्त्र छैनन् । अमेरिकाको पछिल्लो निर्णयसँगै अब अमेरिकीलाई रुसमा लगानी गर्न सजिलो हुनेछैन र रुससँगको व्यापार पनि अब सहज रूपमा चल्नेछैन ।

रुसी प्रधानमन्त्रीले नयाँ कदम राष्ट्रपति ट्रम्पलाई हटाउन सहयोगी बन्ने समेत चेतावनी दिएका छन् । दुई साता अघिमात्रै अमेरिकासँगको सम्बन्धमा सुधारको संकेत नदेखिएको भन्दै रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले ७ सय ५५ अमेरिकी कूटनीतिज्ञलाई रुस छाड्न आदेश दिएका थिए । पछिल्लो समयमा ओबामा केयरलाई विस्थापित गर्ने विधेयक र रुसमाथि प्रतिबन्ध लगाउने विधेयक कंग्रेसबाट पारित भएर आए पनि असन्तुष्ट रहेका ट्रम्प र कंग्रेसबीच स्पष्ट रूपमा तनाव देखिएको छ ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्प विजयी भएपछि नयाँ ढंगले सम्बन्ध अघि बढ्ने विश्वास व्यक्त गरेका थिए । यसैका आधारमा रुसले अमेरिकी राष्ट्रपति निर्वाचनसमेत प्रभावित बनाएको भन्दै सुरु भएको अनुसन्धान जारी छ । रुस र ट्रम्पले अस्वीकार गरे पनि एफबीआईले रुसी हस्तक्षेप भएको भन्दै अनुसन्धान जारी राखेको छ भने सिनेट समितिसमेत यस विषयमा छानबिनको क्रममा नै छ । रुसले ट्रम्पलाई सहयोग गरेको बताइए पनि कुन हदसम्म सहयोग गऱ्यो भन्ने विषयमा छानबिनपछि मात्रै केही भन्न सकिन्छ । तर ट्रम्प रुससँगको सम्बन्ध सुधारका लागि आफ्नो देशलाई विश्वासमा लिन भने सफल हुन सकिरहेका छैनन् । रुस अमेरिकामा राजनीतिक वैचारिक रूपमा अस्पष्ट व्यक्तिलाई जिताएर आफ्नो अनुकूल बनाउन चाहन्थ्यो । जसमा ऊ सफल पनि भएको छ । तर उसले क्रिमियामा रुसी आधिपत्य कायम भएपछि लागेको प्रतिबन्धलाई ट्रम्पले खुकुलो पार्ने या हटाउने विश्वास रुसको थियो । त्यो भन्दा पनि बढी त उसले दुई देशबीच नयाँ सम्झौता गर्ने र यसैअनुसार सिरियासहित आईएसविरुद्धको अभियानमा सँगै अघि बढ्ने विश्वास लिएको थियो । यद्यपि अमेरिकी राष्ट्रपतिका रूपमा ट्रम्पले यसलाई विश्वासिलो र प्रभावकारी रूपमा अघि बढाउन सकेनन् । बरु कंग्रेसले रुससँगको नयाँ सम्बन्ध अघि बढाउने बाटोलाई भने रोकिदिएको छ ।



रुस र अमेरिकाबीचको सम्बन्धमा आएको तिक्तताबाट युक्रेनदेखि सिरियासम्मका मुद्दामा प्रत्यक्ष रूपमा असर देखिनेछ । यसको अर्थ अब रुसले पश्चिमी राष्ट्रविरुद्ध 'इन्फर्मेसन क्याम्पेन' र साइबर गतिविधि जारी राख्नेछ । रुसले आफ्ना रणनीतिक परमाणु हतियारलाई पनि लगातार आधुनिकीकरण गर्दै जाने सम्भावना रहनेछ ।

यद्यपि यो वास्तविक शीत युद्धको सुरुवात होइन । तर सोभियत संघको उत्तराधिकारी रुस जुन कुनै पनि बेला पश्चिमा देशका लागि भारी पर्न सक्ने तागत राख्दछ । यसका लागि रुससँग केही सीमा भने अवश्य रहेका छन् । किनकि राजनीतिक प्रभुत्वका लागि सहभागिता जरुरी चाहिन्छ । यसै कारण रुसले ओबामा प्रशासनसँग खराब सम्बन्ध हुनुका बाबजुद इरानसँगको परमाणु सम्झौताका लागि महत्वपूर्ण भूमिका निभाएको थियो । अहिले रुसले अमेरिकालाई चेतावनीस्वरूप उसका केही कूटनीतिज्ञलाई देश निकाला गरेर केही नरम कारबाही गरेको छ ।

नयाँ कानुनअनुसार राष्ट्रपति ट्रम्पले रुसमाथिको कुनै प्रकारको प्रतिबन्ध फिर्ता लिन सक्ने शक्तिलाई सीमिति गरिदिएको थियो । उनले पहिलेदेखि नै रुसका मामलामा केही राजनीतिक छुटको आवश्यकता रहेको बताइरहेका बेला रुसमाथि कुनै पनि कदम चाल्ने शक्तिलाई नै सीमित बनाइएको छ । यसबाट ट्रम्प नरम भए पनि रुसबारे अमेरिकी संसद् निकै कठोर छ भन्ने देखाएको छ । अहिले नै पनि उनले रुसमाथिको प्रतिबन्ध लगाउने विधेयकलाई असफल बनाइदिन सक्थे । तर उनले यसो गरेनन्, यसो गरेको भए उनको रुससँगको सम्बन्ध नजिक रहेको शंकामा बल पुग्ने थियो ।

यस्तै ट्रम्पको चुनावी अभियानबारे छानबिनका क्रममा रहेको विशेष समितिले बृहत् निर्णायक मण्डल 'ग्रान्ड जुरी' गठन गरेको छ । त्यसलाई रोबर्ट मुलर अनुसन्धानमा सम्भावित अपराधिक अभियोगमाथि काम गर्न पहिलो कदम भएको बताइएको छ । जसले राष्ट्रपति डोनल्ड ट्रम्पका छोरा र रुसी कानुन व्यवसायीबीच जुन २०१६ मा भएको बैठकका सहभागीलाई उपस्थित हुन आदेश जारी गरिसकेको छ ।

आफ्नो असन्तुष्टिका बाबजुद डोनाल्ड ट्रम्पले रुसमाथि प्रतिबन्ध लगाउने विधेयकमा हस्ताक्षर गर्नुपर्ने अवस्था सिर्जना भएको छ भने राष्ट्रपति निर्वाचनमा भएको भनिएको हस्तक्षेप छानबिनका लागि 'ग्रान्ड जुरी' गठन हुनु र रोबर्ट मुलरलाई बर्खास्त गर्न कडाइ गर्ने विधेयक दर्ता हुनुले अमेरिकामा उनको प्रभाव कमजोर हुँदै गएको र उनीविरुद्धका प्रमाण शक्तिशाली बन्दै गएको देखिन्छ । रुसले यस प्रक्रियालाई राष्ट्रपति ट्रम्पलाई हटाउन सहयोगी बन्ने टिप्पणी गरेको छ ।

अमेरिकामा 'ग्रान्ड जुरी' हरू कुनै पनि काण्डका प्रमाणहरू अपराधिक अभियोग लगाउन यथेष्ट छन् या छैनन् भनेर खोजी गर्नका लागि गठन गरिने गरिन्छ । जसले सम्भावित व्यक्ति निर्दोष या दोषी नै हो भन्ने निर्क्योल गर्दैन । सो जुरीले अभियोजनकर्तालाई कसैलाई बोलाउन, रिट हाल्न, दस्तावेज हात पार्न या बयान दिन बोलाउन अनुमति दिन्छ । यसबाट ट्रम्पको अभियानमाथिको अनुसन्धान निकै जटिल अवस्थामा पुगिसकेको संकेत मिल्छ ।

सोही प्रक्रियालाई अघि बढाइरहेका रोबर्ट मुलरलाई बर्खास्त गर्न कडाइ गर्ने अर्को विधेयक पनि सिनेटले प्रस्ताव गरेको छ । गत मे महिनामा राष्ट्रपति ट्रम्पले तत्कालीन एफबीआई निर्देशक जेम्स कोमीलाई रुसी हस्तक्षेप अनुसन्धानका क्रममा नै बर्खास्त गरिदिएपछि मुलरलाई समेत बर्खास्त गर्ने चिन्ताकाबीच नयाँ विधेयक ल्याइएको हो । रोबर्ट मुलरको विशेष समिति ट्रम्प प्रशासनका लागि गम्भीर चासोको विषय थियो । नयाँ विधेयकले त्यसलाई पुष्टि मात्रै गरेको छैन, त्यो झन् बढी गम्भीर भएको छ । यसबाट अमेरिकी राष्ट्रपति निर्वाचनमा हिलारी क्लिन्टनलाई हराउन रुससँग मिलेर भएको भनिएको हस्तक्षेपको छानबिन राष्ट्रपतिको भित्री घेरामा केन्द्रित भएको स्पष्ट भएको छ ।

गत वर्षको डिसेम्बरमा तत्कालीन अमेरिकी राष्ट्रपति बाराक ओबामाले ३५ जना रुसी कूटनीतिज्ञलाई अमेरिकी चुनावमा हस्तक्षेप भएको भन्दै अमेरिका छाड्न दिर्नेशन दिए । जुन समयमा ट्रम्प निवाच्ति भए पनि उनको कार्यकाल सुरु हुन झन्डै एक महिना बाँकी थियो । त्यसको करिब ८ महिनापछि रुसले अहिले ७ सय ५५ जना अमेरिकी कूटनीतिज्ञलाई रुस छाड्न निर्देशन दिएका छन् । यसले रुस-अमेरिका सम्बन्ध शीत युद्धकालीन अवस्थामा रहेको झल्को दिएको छ । शीत युद्धको अन्तिम समयमा पनि एक अर्काका कूटनीतिज्ञलाई देशबाट हटाउने यस्तै शृंखला चलेका थिए ।

ट्रम्प अहिले 'मेक अमेरिका ग्रेट अगेन' को नारा लिएर चुनाव जितेका व्यक्ति हुन् । जस्तो सोभियत संघ ढल्ने क्रम सुरु हुनै लाग्दा मिखाइल गोर्बाचोभले पनि पेरेस्त्रोइका ल्याएका थिए । जसले उनको सोभियत सत्तालाई बचाउन सकेन । ट्रम्पको नाराको कार्यान्वयन पक्ष भने अझै हेर्न बाँकी छ । यद्यपि अहिले रुसी जनता अमेरिकामाथि आफ्नो देशको प्रभाव बढेको ठान्छन् । अमेरिकी जनता भने यसको जिम्मेवार ट्रम्प भएको र उनी रुसी 'कठपुतली' बनेको आरोप लगाउने गरेका छन् । एक वाक्यमा भन्नुपर्दा अहिले संसारभरमा नै पुटिनको शक्ति र ट्रम्पको कमजोरीलाई लिएर बहस चलिरहेको छ ।


रुससँगको सम्बन्ध अघि बढाउनु कुनै गल्ती नभएको र अमेरिकाको हितमा नै हुने बताउँदै आए पनि अब उनले आफ्नै हिसाबले रुससँगको सम्बन्धलाई निरन्तरता दिन नसक्ने अवस्थाको सिर्जना हुने देखिएको छ । यसैको परिणाम हो, उनले रुसमाथि प्रतिबन्ध लगाउने विधेयकमा असन्तुष्टिका बाबजुद हस्ताक्षर गरे भने आफूमाथिको छानबिनमा रहेका रोबर्ट मुलरलाई पनि अब उनले सजिलै हटाउन नसक्ने अवस्था आउने देखिएको छ ।

रुसविरुद्ध प्रतिबन्ध लगाउने विधेयकमा असन्तुष्टिका बाबजुद हस्ताक्षर गर्नु, ओबामाकेयर असफल बनाउने विधेयक सिनेटले असफल बनाइदिनु, रुससँग सम्बन्धमा उनको शक्ति कटौती हुनु, राष्ट्रपति निर्वाचनमा भएको भनिएको हस्तक्षेप छानबिनका लागि 'ग्रान्ट जुरी' गठन हुनु र रोबर्ट मुलरलाई बर्खास्त गर्न कडाइ गर्ने विधेयक दर्ता हुनुले अमेरिकामा उनको प्रभाव कमजोर हुँदै गएको र उनीविरुद्धका प्रमाण शक्तिशाली बन्दै गएको देखिन्छ । ट्रम्प प्रभावहीन बन्दै गएका हुन् ।

*एजेन्सीहरुबाट*

## रोचक संसार

### विश्वकै सानो सुनको झण्डा



विश्वकै सबैभन्दा सानो आकारको दाबी गरिएको सुनको झण्डाको आकार यति सानो छ की यसलाई तपाइँ सियोको प्वालबाट समेत निकाल्न सक्नुहुन्छ । भारतको राजस्थानस्थित उदयपुरका एक व्यक्तिले सबैभन्दा सानो आकारको भारतीय झण्डा निमाएण गरेका छन् ।

सुक्ष्म कालिकढ इकबाल सक्काले भारतको ७० औं स्वतन्त्रता दिवसको वर्षगाँठका अवसर पारेर उक्त सुनको झण्डा तयार पारेका छन् । विश्वकै सबैभन्दा सानो सुनको झण्डाको रुपमा गिनिज बुकमा नाम लेखाउने योजना उनको छ । अहिलेसम्म सबैभन्दा सानो राष्ट्रिय झण्डाको किर्तिमान क्यानडाको नाममा छ ।

इकबालले बनाएको यस झण्डा जम्मा ०.५ मिलिमिटर रहेको छ । यो यति सानो छ की १२ नम्बरे सियोको प्वालबाट समेत छिराउन सकिन्छ । आफ्नो झण्डलाई भारत सरकारले राष्ट्रिय संग्राहलयमा राखोस् भन्ने चाहना इकबालको छ । स्मरण रहोस् सुन कालीगढ इकबालले यसअघि विभिन्न ५२ वटा विश्व किर्तिमान राखिसकेका छन् ।

सन् १९९१ मा उनले सबैभन्दा सानो सुनको सिक्री बनाएर किर्तिमान राखेका थिए । त्यस्तै सन् २००४ मा सबैभन्दा सानो चिया पकाउने कित्ली बनाएका थिए । सन् २००९ मा विश्वकै सानो सुनको स्टाम्प बनाएका थिए ।

### चोरले चोर्दा लाजमर्नु

चोरले हाम्रा केही चिज चोर्यो भने



पिर पर्छ, सातो पुत्लो उड्छ । तर आयरल्याण्डकी लीसा कोएनलाई भने आफ्नो चिज चोरी हुँदा समेत त्यस्तो कुनै दुख लागेन । उल्टै मज्जा आयो । राजधानी डब्लिनमा ट्रामबाट यात्रा गरिरहेको बेला चोरले उनको यस्तो चिज चोर्यो की उनलाई रिस उठेन, उल्टै हाँसो उठ्यो ।

वास्तवमा चोरले उनको गोजीबाट रजस्वला हुँदा लगाउने प्याड चोरेको रहेछ । जब चोरले उनको गोजीबाट झिकेको चिज रजस्वला हुँदा लगाउने वस्तु हो भन्ने थाहा पायो, ऊ मनमनै निकै लज्जित भएछ । त्यसपछि उसले त्यो वस्तु पुनः लिसाकै गोजीमा राखिदिने कोसिस गर्यो । तर त्यसबेला सम्म लिसाले आफ्नो प्याड चोरले चोरिसकेको र चोरले पुनः आफ्नो गोजीमा राखिदिने प्रयास गरिरहेको पत्तो पाइसकेकी थिइन् ।

ट्राममा उक्त चोरलाई उनले के भनिन् भन्ने त खुलाएकी छैनन् । तर उनले पछि यसबारेमा खुलासा गर्दै ट्विट गरेकी छिन् । ट्विटमा उनले लेखेकी छिन्ः त्यस चोरका लागि मैले प्रार्थना गर्दछु जसले पकेटमारी गरेर मेरो ट्याम्पोन निकाल्यो अनि लज्जित महसुस गर्दै पुनः मेरो गोजीमै राखिदिने कोसिस गर्न थाल्यो । उनले अगष्ट ६ मा गरेको उक्त ट्विट निकै चर्चित बनेको छ । ८ हजार भन्दा धेरैले रिट्वीट गरेका छन् भने झण्डै ३५ हजारले लाइक गरेका छन् ।

लिसाले यस्तो ट्वीट गरेपछि अन्य ट्विटेहरुले पनि चोरीमा परेको आफ्नो अनौठो अनुभव शेयर गर्न थाले । त्यसमध्ये एक महिलाले लेखेकी छिन्ः जब मैले मेरो बच्चालाई ट्याक्सीबाट झार्दै थिएँ तब मेरो ब्याग चोरी भयो । हामी घर फर्किरहेका थियौं र उक्त ब्यागमा प्रयोग भैसकेका न्यापकिन मात्र थिए ।

एक अर्की महिलाले लेखेकी छिन्ः मेरो एकजना विद्यार्थीले मेरो झोलाबाट रिवार्ड स्टिकर चोरी गर्ने कोसिस गरेको थियो तर उसले रजश्वला हुँदा प्रयोग गर्ने सामान हात पार्यो । अर्को एकजना व्यक्तिको अनुभव अझै गज्जबको रहेछ । उनी भन्छन् : मेरो भाइको साथीले झोलामा दिसाको नमूना लिएर ल्याब जाँदै रहेछ । बाटोमा एकजना चोरले उसको हातबाट झोला खोसेर बाइकमा चढेर फरार भएछ ।

### दुनियाँकै अग्ली बेहुली



ब्राजिलियन युवती एलिसेनीको लम्बाई ६ फुट ८ इन्च छ । २० वर्षकी एलिसेनीले छिटै बिहे पनि गर्दैछिन् र उनी दुनियाकै सबैभन्दा अग्ली बेहुली बन्नेछिन् । एलिसेनी डा क्रुजले आफुजस्तै अग्लो बेहुलो रोजिन् भन्ने सोच्नुभयो भने तपाईं गलत हुनुहुन्छ । पेशाले निर्माण मजदुर रहेका उनका हुनेवाला बेहुला फ्राकिनाल्डो उनीभन्दा १ फुट चार इन्च होचा छन् ।

एलिसेनी र फ्राकिनाल्डो तीन वर्षदेखि प्रेम सम्बन्धमा छन् र पछिल्लो एक वर्षदेखि लिभ इन रिलेसनमा । अब उनीहरुले बिहे गर्ने निधो गरिसकेका छन् । बिहेसँगै एलिसेनीले दुनियाकै अग्ली बेहुलीको कीर्तिमान राख्नेछिन् ।

एलिसेनीको शरीर त्यति अग्लो हुनुको खास कारण चाहीँ ट्युमर रहेछ । उनी पिट्युटरी ग्रन्थीको ट्युमरबाट पीडित छिन् । जसका कारण उनको जीउको उचाई लगातार बढिरह्यो । उनलाई आफ्नो उचाईका कारण समस्या भने भोग्नुपर्यो । उनले मोडलिङ गर्ने सोच राखिन् तर सफलता मिलेन । तर अन्ततः आफ्नो जिवनसाथी फेला परेपछि चाहीँ उनी निकै खुसी छिन् । आफू बिहेको उत्कट चाहना र प्रतीक्षामा रहेको उनी बताउँछिन् ।

### ६० वर्षदेखि चिया र पानीको भर

कुनै मानिस ६० वर्षसम्म अन्न नखाइकन बाँच्न सक्ला ? यसको कल्पना पनि गर्न गाह्रो हुन्छ । तर छिमेकी मुलुक भारतमा चाहीं एक महिला ६० वर्षसम्म अन्नको दाना समेत नखाई बसेकी छन् ।

भारतको मध्यप्रदेशस्थित धार जिल्लाको धामनोद गाउँकी ७५ वर्षीया सरस्वती बाइले पछिल्लो ६० वर्षयता अन्न खाएकी छैनन् । उनी चिया र पानीको सहारामा बाँचेकी छिन् । जीवनको लगभग पूरै समय अन्न नखाएपनि उनको जीउ यति तन्दुरुस्त छ कि उनी घण्टौंसम्म खेतमा काम गर्न सक्छिन् । सरस्वती बाई र उनका लोग्ने द्वारका प्रसादको सानै उमेरमा बिहे भयो । जब सरस्वतीको पहिलो सन्तान भयो तब उनी बिरामी परिन् । उनलाई टाइफाइड भयो र आन्द्रा सुक्यो । जे खाएप्नि नपच्ने र उल्टी हुने समस्या देखा पऱ्यो । विस्तारै रोग त निको भयो तर खाना नपच्ने समस्या चाहीँ



कायमै रह्यो । धेरै उपचार गराउँदा पनि समस्या ज्यूँ का त्यूँ रह्यो ।

खाएको खाना पच्न छाडेपछि सरस्वतीले अन्न खान छाडिन् । त्यसपछि उनी चियाको भरमा प्राण धान्न थालिन् । उनको प्राण नै चिया र पानीले धानेको छ अचेल । बिहानदेखि बेलुकासम्म चिया नै पिउँछिन् । हप्तामा एक पटक केरा खान्छिन् ।

अन्न नखाइकनै उनले थप चारवटा बच्चा पनि जन्माइन् । उनका सन्तान सबै स्वस्थ छन् र सरस्वती पनि स्वस्थ छिन् । ६० वर्षसम्म चिया र पानी मात्र खाएर पनि स्वस्थ रहनु, के यो कुनै चमत्कार भन्दा कम छ त ?

*एजेन्सीहरुबाट*

# बाल विकास समाजका विविध गतिविधि


कार्यक्रममा सहभागी संस्थाका पदाधिकारी


कार्यक्रममा मन्तव्य राख्दै कार्यक्रम निर्देशक किरण थापा


कार्यक्रममा मन्तव्य राख्दै कार्यक्रम व्यवस्थापक सोनिया रिजाल


मन्तव्य राख्दै महासचिव काजीवावु पान्डे


तालिममा प्रशिक्षण दिदै प्रशिक्षक


समुहमा बालअधिकार गीत प्रस्तुत गरिदै


सदस्य सचिव कार्यक्रम सञ्चालन गर्दै


पुरस्कार वितरण गर्दै


क्षमता विकास तालिमका सहभागीहरू

**कर्मचारीहरूका लागि क्षमता विकास तालिम**

बाल विकास समाजका कर्मचारीहरूका लागि एक दिने क्षमता विकास तालिम संस्थाले सम्पन्न गरेको छ । संस्थाले विभिन्न समयमा संस्थाका कर्मचारीहरूका लागि विविध खाले तालिम सञ्चालन गर्दै आइरहेको छ । यसैक्रममा सुचना तथा सञ्चार एवं सहि व्यवस्थापकमा हुनु पर्ने गुणहरूको बारेमा उक्त तालिम सञ्चालन गरिएको हो । तालिममा सुचना तथा सञ्चारको महत्वको बारेमा व्यापक रूपमा छलफल गरिएको थियो । प्रष्ट सुचनाका आधारमा नै कार्यक्रम प्रभावकारी हुने र गलत सुचना गएको अवस्थामा संस्थालाई नै समस्या हुने कुराको बारेमा छलफल गरिएको थियो । छलफलमा कर्मचारीहरूले सक्रिय रूपमा सहभागिता जनाएका थिए । सोही क्रममा बाल विकास समाजका अध्यक्ष, महासचिव तथा कोषाध्यक्षको पनि सहभागिता रहेको थियो ।

उक्त तालिममा शुभकामना मन्तव्य राख्दै बाल विकास समाजका अध्यक्ष सुवास गौतमले यो क्षमता विकास तालिम एक दम महत्वपूर्ण भएको हुनाले सोही अनुसार ध्यान दिएर तालिममा सहभागिता जनाउन सबै तहका कर्मचारीलाई आग्रह गर्नु भएको थियो । उहाँले संस्थाले कर्मचारीहरूको क्षमता विकासका लागि कुनै पनि किसिमको कसुर बाकी नराख्ने हुँदा त्यसै अनुसार आफूलाई तिखारेर प्रतिस्प्रधाको बजारमा उत्रिन सक्यो भने भविष्य अवस्य बन्ने कुरा समेत उल्लेख गर्नु भएको थियो । बालबालिकाका लागि काम गर्दा एकदम संवेदनसिल भएर काम गर्नुपर्ने हुनाले पनि धेरै कुरा सिक्न आवश्यक भएको कुरा पनि उहाँले औल्याउनु भएको थियो । त्यसैगरी संस्थाका महासचिव काजीबाबु पान्डेले तालिमको सफलताको शुभकामना सहित सक्रिय रूपमा तालिममा भाग लिएर भोली बाल विकास समाजको झन्डा समुदायमा लिएर जाँदा सबैले सकरात्मक रूपमा लिने वातावरण तयार गर्न अनुरोध गर्नु भएको थियो । मानिसले सिक्ने कुरा बाचुन्जेल कहिले पनि नसकिने हुनाले समय अनुसार आफूलाई अध्यावधिक गर्नु नै ठूलो उपलब्धी भएको हुनाले त्यसै अनुसार तालिममा भाग लिन सुझाउनु भएको थियो । त्यसरी नै संस्थाका कोषाध्यक्ष सुरेन्द्र ढकालले आत्म सन्तुष्टी भएर काम गर्न सकियो भने सधै खुशी हुन सकिने नत्र जति नै सिपालु वा पैसा भए पनि दुखी भएर रहनु पर्ने हुनाले आफ्नो काममा सन्तुष्ट रहन भन्नु भएको थियो । यसरी थोरै औपचारिकतामा सुरूवात भएको तालिम तालिका अनुसार नै प्रशिक्षकले छलफल गराउनु भएको थियो ।

सोही दिन बाल विकास समाजको त्रैमासिक सेयरिङ वैठक पनि सम्पन्न भएको थियो । संस्थामा हरेक त्रैमासिक रूपमा कर्मचारीहरूको वैठक बसी सम्पन्न भएका कार्यक्रमहरूको बारेमा समिक्षा हुने गर्दछ । यस प्रकारको समिक्षाले विगतमा भएका गल्तीलाई सकारात्मक रूपमा सुधार गरी आगामी दिनमा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न खेल्नु पर्ने भूमिकाका बारेमा समेत निर्णय गर्ने गरिन्छ । कार्यक्रमको अन्त्यमा संस्थाका कार्यक्रम निर्देशक किरण थापाले संस्थामा भइरहेको प्रगति तथा कार्य समितिले गरेको केही महत्वपूर्ण निर्णयहरूका बारेमा संक्षिप्त रूपमा व्याख्या गर्दै तालिमको समापन गर्नु भएको थियो ।

**भक्तपुरमा जनचेतनामुलक कार्यक्रम**

बाल विकास समाजले भक्तपुर जिल्लामा विभिन्न सरकारका स्थानीय निकायहरूसँग सहकार्य तथा समन्वय गरी बालबालिकाहरूका लागि विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ । यसैगरी भक्तपुर जिल्लास्थित साविकनगरकोट नगरपालिका वडा नं. ५ हाल चाँगुनारायण नगरपालिका वडा नम्बर ८ मा रहेको वडा स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन उपसमितिको आयोजनामा बाल विकास समाज र युनिसेफको संयुक्त प्रयासमा सञ्चालित जनचेतना अभिवृद्धि कार्यक्रम अन्तर्गत बाल अधिकारको विषयमा नाटक प्रस्तुत गरिएको थियो । उक्त नाटक बालबालिकाहरूद्धारा देखाइको हो । सो नाटक प्रस्तुतीमा विभिन्न विद्यालयका बालक्लवका पदाधिकारी, समुदायका व्यक्तिहरू, शिक्षक तथा अन्य सरोकारवाला पक्षसहित जम्मा ५२ जनाको सहभागिता रहेको थियो । उक्त वडाको सामुदायिक विद्यालय पन्चकन्या माद्यामिक विद्यालयमा नाटक देखाइएको हो ।

कार्यक्रमको सुरूवातीमा सोही विद्यालयका प्रधानाध्यापक तथा वडा स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन उपसमितिका सदस्य सचिव रामशरण कार्कीले बाल अधिकारको बारेमा बताउदै औपचारिक रूपमा कार्यक्रम अगाडी बढाउनु भएको थियो । करिब १ घन्टा चलेको सोही कार्यक्रममा सहभागीहरूले शान्तपूर्वक नाटक हेरेका थिए । नाटकमा बालबालिकाहरूले बाल बेचविखन, बाल दुर्व्यवहार जातीय भेदभाव जस्ता बाल संरक्षणका विषयमा समाजमा हुने गरेका विभिन्न क्रियाकलापलाई देखाउन खोजीएको थियो । विशेषत बाल संरक्षणको विषयमा समाजलाई थप चेतनसिल बनाउनु आजको आवश्यकता हो । यसरी समाजलाई नै यसका बारेमा थप चेतनसिल बनाउन सकियो भने बालबालिकाले विभिन्न किसिमका यातना तथा दुव्यर्वहारमा फस्नु पर्दैन भन्ने मन्त्रलाई पनि यस नाटकले उजागर गर्न खोजेको थियो । यसरी नाटकबाट बालबालिकाहरूको सहभागिताको अधिकार प्रवर्द्धनमा पनि थप सहयोग पुग्ने भएको हुनाले यस किसिमका कार्यक्रमहरू आगामी दिनमा पनि सञ्चालन गर्नु आवश्यक रहेको छ । यदि समुदायमा थप चेतना भयो भने कुनै पनि सँघ संस्थाले सहयोग नगरे तापनि समुदायको सक्रियतामा पनि यस किसिमका कार्यक्रमहरू सञ्चालन गर्न सकिने हुन्छ ।

यसैगरी सुर्य विनायक नगरपालिका वडा नम्बर ५ स्थित वडा स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन उपसमितिको आयोजनामा बालमैत्री विद्यालय निमार्ण विषयमा चित्रकला प्रतियोगिता सम्पन्न भएको थियो । सोही प्रतियोगितामा सामुदायिक विद्यालय, निजि विद्यालय तथा सामुदायिकस्तरको बालक्लवका बालबालिकाहरू गरी जम्मा १२ जनाको सहभागिता रहेको थियो । प्रतियोगिता श्री सुवार्नेश्वर आधारभूत विद्यालयमा सम्पन्न भएको थियो । विद्यालयका प्रधानाध्यापक तथा बाल संम्बर्द्धन उपसमितिका सदस्य सचिव श्री कृष्ण राउतले बालमैत्री विद्यालयका बारेमा बताउदै कार्यक्रमको सुरूवात गर्नु भएको थियो । प्रतियोगितामा प्रथम, दोस्रो, तेस्रो तथा सान्तवना हुने बालबालिकाहरूलाई पुरस्कारको रूपमा स्टेस्नरीका सामग्री समेत वितरण गरिएको थियो ।

**प्रस्तुतिः गोविन्द वि क**

## भारतको कारण खरबौं नोक्सान

काठमाडौं । भारी वर्षाद्को कारण देशका विभिन्न स्थानहरूमा भएको जनधनको क्षतिप्रति हिन्दु ॐकार भोलन्टियर्स नामक संस्थाले चिन्ता व्यक्त गर्दै यो आपतको घडिमा सबैले आआफ्नो स्थानबाट सहयोगी हात अगाडि बढाउन आव्हान गरेको छ । हिन्दु ॐकार भोलन्टियर्सको तर्फबाट अध्यक्ष पदमराज पाण्डेले अमेरिकाको भ्रमणमा रहँदै गर्दा उहीँबाट एक प्रेस विज्ञप्ति जारी गरी सो आव्हान गर्नु भएको हो ।

विज्ञप्तिमा अधिक्तम डुबान तथा खरबौं संपत्तिको नोक्सानीको कारण नेपाल हुँदै भारततर्फ बग्ने नदीमा भारतले बाँधेको बाँधको ढोका नखोलिदिँदा भएको र जति राजनीतिक तथा व्यवस्था परिवर्तन भएपनि नेपालप्रति बाहिरबाट हुने हेपाहा गतिविधिको बारेमा राज्य, राजनीतिक क्षेत्र मौन रहनुले नेपाल र नेपालीले यो दुर्दशा भोग्न परिरहेको बताइएको छ । यस प्रकारको समस्या भविष्यमा कुनै पनि हालतमा आउन नदिन के गर्नुपर्छ ? त्यतातर्फ सोँच्न, आवश्यक तयारी गर्न र यस्तो समस्याको जड्लाई सधैंको लागि निवारण गर्न सरकारसँग हिन्दु ॐकार भोलन्टियर्स जोडदार रूपमा माग गर्दछ, विज्ञप्तिमा भनिएको छ । साथै यसको लागि सरकारलाई जनदबाब दिन आम नागरिकसँग आव्हान पनि गरिएको छ । राष्ट्रिय संकटको यो घडिमा सबैले मानवीय ढङ्गबाट आ-आफ्नो स्थानबाट सहयोगी बनेर सकेसम्मको सहयोग गर्न अनुरोध गरिएको छ ।

विज्ञप्तिको अन्तिममा बाढीपहिरोमा परेर मृत्युवरण गरेकाप्रति भावपूर्ण श्रद्धाञ्जली, मृतकका आफन्तजनमा समवेदना प्रकट गरिएको छ । वेपत्ता नागरिकहरूको खोजी कार्यमा अविलम्ब तीव्रता अप्नाउन सरकारसँग जोडदार माग गरिएको र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ । प्रभावित सबैप्रति संयममतापूर्वक थप नोक्सानी हुन नदिन अप्नाउन पर्ने उपाय अवलम्बन गर्न र राहत सङ्कलन एवं वितरणमा पारदर्शीता अप्नाई पीडितहरूलाई शीघ्रातिशीघ्र राहत दिलाउन सबैले उपयुक्त भूमिका निर्वाह गर्दै सहयोगी हात अगाडि बढाउन आव्हान गरिएको व्यहोरा उल्लेख छ ।

## १५...

प्रमुख प्रतिपक्षी दल एमालेले विधेयकमाथिको छलफलमा अवरोध नगर्ने भएको छ । तर उसले विधेयक पास हुन नदिने रणनीति लिएको छ ।

## ४ र ५ गते...

पत्रकार तीर्थ कोइराला र महासंघका उपाध्यक्ष गोविन्द आचार्य मुख्य प्रतिस्पर्धीको रुपमा अघि सरेका छन् । कोइराला प्रेस चौतारीको तर्फबाट उम्मेदवार बनेका छन् भने आचार्य प्रेस युनियन र प्रेस सेन्टरको साझा उम्मेदवार बनेका छन् । अध्यक्षका दुवै उम्मेदवार आफ्नो प्यानल बनाउने र प्रचारप्रसारमा सक्रिय बन्ने काममा जुटिरहेका छन् ।

## देशमा...

महिन्दा राजपाक्षे शपथग्रहण समारोहका हिरो बनेका थिए । दलाई लामाका प्रधानमन्त्री लोप्साङ साँगेलाई जत्तिको महत्व पनि सुशील कोइरालालाई दिइएन ।

भारतले नेपालप्रति सधैं हेपाहा व्यवहार गर्दै आएको छ । कुनै पनि देश भूगोलका आधारमा सानो ठूलो हुँदैन । स्वतन्त्रता, सार्वभौमिकता र राष्ट्रिय अखण्डता सानो देश होस् या ठूलो बराबर हुन्छ । यदि यस्तो नहुँदो हो त भ्याटिकनसिटीको इज्जत हुने थिएन । नेपालभन्दा विश्वमा झन्डै चार दर्शन देशहरु भौगोलिक रुपमा साना छन् । ती सबैको आआफ्नो प्रतिष्ठा छ । नर्वेसँग नोबेल पुरस्कार छ जसलाई प्राप्त गर्न सर्वशक्तिमान राष्ट्र अमेरिकाका राष्ट्रपति समेत लालयित हुन्छन् । नेपालसँग केही नभएर भारतले हेपेको होइन। नेपाल प्रकृतिको भण्डार हो । जलस्रोतको दोस्रो धनी देश हो । १३ प्रकारका हावापानी पाइने विश्वको एकमात्र मुलुक हो नेपाल । गरिबी अभिशाप भएकै कारण भारतले नेपाललाई पेलिरहेको छ । नेपालको अपार जलस्रोत कब्जा गर्ने र भुटानको नियतिमा राख्ने भारतीय अभिष्टता रहेको छ । नेपाल भारतको एकलौटी बजार भएको छ । ७० प्रतिशत बढी व्यापारिक कारोबार भारतसँगै हुने गरेको छ र सबभन्दा बढी व्यापारघाटा पनि भारतसँग नेपालले व्यहोरिरहेको छ ।

नेपालको विकासका लागि भारत नै प्रमुख बाधक बन्दै आएको छ । भारतसँगको परनिर्भरताको कारण उसले नेपाललाई हेपेकोमा दुईमत छैन। नेपालमा कुनै पनि राजा वा नेता यस्ता भइदिएनन् कि जो देशलाई समृद्ध बनाउने प्रयास नै गरे । राजतन्त्रको अवसानपछि नारायणहिटी दरबारको स्थान लैनचौरको भारतीय दूतावासले लिएको छ । देशको जलस्रोतलगायत विदेश नीतिसमेत लैनचौरबाटै निर्देशित हुन थालेको छ । देशलाई भारतीय चंगुलबाट मुक्त गर्ने प्रयास केपी ओलीले के गर्दै थिए देउवा र प्रचण्डलाई प्रयोग गरेर भारतले उनलाई सत्ताबाट हात धुन बाध्य बनायो ।

नेपालका प्रधानमन्त्रीहरु जे जो भारत भ्रमणमा जाने गर्छन् तिनले भारतीय स्वार्थमा ल्याप्चे ठोकेर आउने गरेका छन् । मनमोहन अधिकारी र केपी ओली मात्र त्यस्ता प्रधानमन्त्री हुन् जसले भारत भ्रमणमा गएर भारतीय संस्थापन पक्षसामु शिर्षासन गरेनन् । मनमोहनले त सन् १९५० को सन्धि समयानुकूल परिमार्जन गरिनुपर्ने विषय पहिलोपटक भारतसँग उठाएका थिए । ओली नेपालको संविधानमाथि भारतीय हस्तक्षेपलाई अस्विकार गर्दै संयुक्त विज्ञप्ति नै ननिकाली फर्किएका थिए । बरु भारतपछि चीन भ्रमणमा गएका ओलीले चीनसँग ऐतिहासिक पारवहन सम्झौता गरेर नेपाललाई भारतवेष्टितबाट भूपरिवेष्टित मात्र बनाउने प्रयास गरे । बाबुरामले प्रधानमन्त्रीको हैसियतमा भारतसँग बिप्पा सम्झौता गरे भारतीय व्यापारीका हितमा । प्रचण्डले अन्तर्राष्ट्रिय सरोकारका विषयमा भारतसँगै नेपाल रहने प्रतिबद्धता जनाएर असंलग्न विदेश नीतिकै दोहोलो काडिदिए । यो भनेको तिब्बतलाई हेर्ने भारतीय दृष्टिकोण र नेपालको दृष्टिकोण एउटै हो भनेजस्तै हो । अहिले भारत चीनबीच उत्पन्न दोक्लाम विवादमा तटस्थ बस्ने निर्णय नेपालले लिएर प्रचण्डको त्यस्तो प्रतिबद्धतालाई करेक्सन गर्न खोजेको देखिन्छ । अब भारत भ्रमणमा जाने प्रम देउवाले राष्ट्रहित विपरीत सन्धि सम्झौता नगर्लान् भन्न सकिन्न । भारतले पहिलेदेखि नै सप्तकोशीमा उच्च बाँध बाँध्न खोजिरहेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भारतले एयरमार्सल राख्न चाहिरहेको छ । नेपालको सुरक्षा र विदेश मामिलामाथि भारत आफ्नो नियन्त्रण कायम गर्न अभिष्टता पालिरहेको छ । नेपाललाई भुटानकै अवस्थामा 'खुसी' देख्न चाहिरहेको छ भारत ।

प्रम देउवाको भारत भ्रमणमा प्रस्तुत गरिने एजेन्डाहरु खासै देखिँदैनन् । बिनातयारी देउवा दिल्ली जाँदैछन् । भ्रमणमा उठाइने विषयहरुमा कुनै गृहकार्य भएको सुनिँदैन । प्रधानमन्त्री भएपछि पहिलो पटक भारत जानैपर्ने परम्परालाई धान्न मात्र देउवा दिल्ली जाँदैछन् । देश बाढीको चपेटामा छ । हजारौं जनता बाढीले विस्थापित भएका छन् । मृत्यु र बेपत्ता हुनेहरुको संख्या दिनानुदिन बढ्दै छ । बाढीपीडित जनताको अझै उद्धार हुन सकेको छैन । बाढी पीडितहरुलाई सरकारले आवश्यक राहत सामग्री समेत पुऱ्याउन सकेको छैन । देश दुखिरहेका बेला देउवा दिल्लीमा भोज खान जान नसुहाउनुपर्ने हो ।

संविधान संशोधनको विषय उठिरहेको छ । राष्ट्रिय जनता पार्टी संविधान संशोधन नभई चुनावमा भाग नलिने पूर्वअडानबाट झरेको अवस्था छ । माघ ७ गते अगावै प्रदेशसभा र संघीय संसदको निर्वाचन गरिसक्नुपर्ने संविधानले आदेश गरेको छ । प्रदेश र संसदको निर्वाचन एकैपटक सम्पन्न गर्न प्राविधिक कठिनाइ रहेको निर्वाचन आयोगले बताइरहेको छ । मंसिरमा निर्वाचन गर्ने भनिए पनि एउटा मात्र निर्वाचन सम्भव हुने देखिँदैछ । त्यसपछि फेरि अर्को खिलराज रेग्मीको खोजी गर्नुपर्ने हुन्छ । रुपान्तरित संसदको म्याद बढाएर निर्वाचन सम्पन्न गर्नुको विकल्प देखिँदैन । यसो गर्नु भनेको जनादेशको घोर अपमान गर्नु हो । अहिलेका सांसदहरुलाई सभासदका रुपमा संविधान बनाउन जनताले निर्वाचित गरेर पठाएका हुन् । संविधान बनेर स्थानीय तह निर्वाचन सम्पन्न भएर कार्यान्वयन तहमा आइसकेको छ । ताजा जनादेशमा जानुपर्ने बेलामा चुनावलाई लिंगरिङ गर्ने जमर्को गरिरहेका छन् देउवा । यो देश र जनताका लागि ठूलो धोकाधडी हो ।

पूर्वराजा ज्ञानेन्द्रले देउवालाई चुनाव गराउन नसकेकोमा 'अक्षम' करार गरी प्रधानमन्त्रीबाटै हटाएका थिए । अहिले फेरि १२ वर्षपछि देउवा 'अक्षम' बन्ने सम्भावना देखिँदैछ । माथिल्लो कर्णाली परियोजना शिलान्यास गर्ने तिथि तय गर्नकै लागि देउवा दिल्ली जानु पर्दैनथ्यो । दोक्लाम विवाद चलिरहेका बेला भारत भ्रमण गर्नुपर्ने अनुपयुक्त भएको कूटनीतिक विश्लेषकहरु बताउँछन् । दोक्लाम विवादमा तटस्थको नीति लिने अनि प्रम हुनेबित्तिकै पहिले भारत दौडिने देउवाको कार्यले चीनलाई अवश्य सशंकित पारेको छ । चिनियाँ उपप्रधानमन्त्री वाङ याङको नेपाल भ्रमणले पनि देउवाको भारत भ्रमणलाई शंकाको नजरले हेरेको प्रस्ट पार्छ ।

## चिनियाँ...

उपप्रधानमन्त्री वाङले नेपालका बाढीपीडितलाई आपतकालीन राहत उपलब्ध गराउन १० लाख अमेरिकी डलर (करिब १० करोड २० लाख रुपैयाँ) तुरुन्त उपलब्ध गराउने घोषणा गरेका छन् । तातोपानी नाका खोल्न नेपालले गरेको आग्रहलाई पनि चीनले सकारात्मक रुपमा लिएको छ । काठमाडौं उपत्यकामा खानेपानी शुद्धीकरण र व्यवस्थापनमा सहयोग गर्ने इच्छा चीनले व्यक्त गरेको छ ।

रसुवा-केरुङ मार्ग र रसुवाको सुख्खा बन्दरगाह अन्तर्राष्ट्रिय स्तरको बनाउन नेपाललाई सघाउने प्रतिबद्धता चीनले गरेको छ । जलविद्युत परियोजना र प्रसारण लाइन विस्तार एवं निर्माणमा पनि चीनले सहयोग गर्ने वचन दिएको छ । पुनर्निर्माढा पूर्वाधार विकास, केरुङ काठमाडौं पोखरा चक्रपथको स्तरोन्नति र बाहिरी चक्रपथ निर्माणमा सघाउन पनि चीन तयार रहेको छ । वाणिज्य, पर्यटन, लगानी, पूर्वाधार विकास, ऊर्जा, अन्तरदेशीय सम्पर्क लगायतका क्षेत्रमा चीनले सहयोग गरे नेपाल भारतको निगाहमा बाँच्नु पर्दैन । चीनका उपप्रधानमन्त्री वाङ नेपालको औपचारिक भ्रमण पूरा गरी बिहीबार स्वदेश फर्केका छन् ।

## गलैंचा...

स्तरको ल्याब स्थापना हुनुपर्ने, चीनसँग हुने बार्टर सिस्टमका आधारमा हुने व्यापार हटाउनुपर्ने मल्लले बताउनुभयो ।

उक्त अवसरमा सम्बोधन गर्दै प्रमुख अतिथि वाणिज्य मन्त्री मीनबहादुर विश्वकर्माले निर्यात बढाउन सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । 'प्रविधि र प्रवृत्तिका अभावले हामी पछि परेका हौं' उहाँले भन्नुभयो । निर्यातमा अग्र स्थान ओगटेको गलैंचाको निर्यात प्रवर्द्धन र सरलीकरणका लागि राज्यको तर्फबाट सहयोग गर्न तयार छौं मन्त्री विश्वकर्माले भन्नुभयो । विश्व बजारमा नेपाली गलैंचाले कायम गरेका उच्च गुणस्तरको पहिचान कायम राख्न प्रमुख अतिथि माननीय मन्त्रीले आग्रह गर्नुभयो । निर्यातमा कर छुट गरेकाले आयकरमा छुट दिन नसकिने उहाँले बताउनुभयो । निश्चित मापदण्ड बनाएर इन्सेन्टिभ बढाउन सरकार तयार रहेको उहाँले बताउनुभयो । उहाँले चीनसँगको बार्टर सिस्टम नेपालले मात्र हटाउन नमिल्ने र कुटनीतिक समन्वय गरेर हटाउन पहल गर्ने बताउनुभयो ।

उक्त अवसरमा वाणिज्य सचिव डङ्न्द्रप्रसाद उपाध्यायले अन्तर्राष्ट्रिय बजारमा नेपाली गलैंचाको माग उच्च रहे पनि उत्पादन घटेको बताउनुभयो । हामीले मागबमोजिम निर्यात गर्न नसकेको उहाँले बताउनुभयो । उत्पादन बढाउनुस् बजारको अभाव छैन, उहाँले भन्नुभयो । गलैंचाको निर्यात घट्नुमा राज्यको मात्र कमजोरी नभएको र कमजोरी राज्य र व्यवसायी दुबैतर्फबाट भएको उहाँले बताउनुभयो ।

उक्त अवसरमा नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्माले निर्यात प्रबर्द्धन गर्ने कानुन निर्माण गर्न आवश्यक रहेको बताउनुभयो भने नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष चन्द्र ढकालले निजी क्षेत्रलाई हेर्ने सरकारको दृष्टिकोण सकारात्मक नरहेको बताउनुभयो । नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष ज्ञानेन्द्र रत्न तुलाधरले गलैंचा उद्योगका लागि राज्यको असहयोगसँगै कामदार अभाव मुख्य समस्या रहेको बताउनभयो । उक्त अवसरमा नेपालस्थित अमेरिकी राजदुतावासका आर्थिक तथा व्यापारिक अधिकृत केभिन सि. प्राइसले नेपाली गलैंचाको लागि अमेरिकी बजार प्रशस्त रहेको बताउनुभयो ।

कार्यक्रममा प्रमुख अतिथि विश्वकर्माले उत्कृष्ट गलैंचा निर्यातकर्ताहरुलाई सम्मान प्रदान गर्नुभएको थियो । साथै प्रमुख अतिथिले संघको वार्षिक साधारणसभा आयोजना गर्न सहयोग गर्ने विभिन्न कम्पनीहरुलाई प्रशंसापत्र वितरण गर्नुभएको थियो । उक्त अवसरमा प्रमुख अतिथि विश्वकर्माबाट सम्मानित हुने उत्कृष्ट गलैंचा निकासीकर्ताहरुमा आ. ब. २०७२/७३ मा गलैंचा निकासी गरी परिमाणका आधारमा पहिलो र आयका आधारमा दोस्रो हुन सफल संघका सदस्य कम्पनी हिमालयन आर्ट कार्पेटका प्रबन्ध निर्देशक नोर्बु लामा, आयका आधारमा पहिलो र परिमाणका आधारमा दोस्रो हुन सफल संघका सदस्य कम्पनी दि सांग्रिला कार्पेट एण्ड ह्याण्डिक्राफ्ट इण्डष्ट्रिज प्रा. लि. का प्रबन्ध निर्देशक तेञ्जिन जोपा लामा, आय र परिमाण दुबैका आधारमा तेस्रो हुन सफल संघका सदस्य कम्पनी थर्ड आई इन्टरनेसनलका प्रबन्ध निर्देशक छेवाङ डेन्डुल लामा, परिमाणका आधारमा चौथो हुन सफल संघका सदस्य कम्पनी एन. पी. रग्स् इण्डष्ट्रिजका प्रबन्ध निर्देशक तेञ्जिङ शेर्पा, परिमाणका आधारमा पाँचौं हुन सफल टुफिनकियन नेपालका प्रबन्ध निर्देशक छिरिङ वाङडु हुनुहुन्थ्यो ।

त्यसैगरी उक्त अवसरमा संयुक्त राज्य अमेरिकाले नेपाली गलैंचालाई बिना भन्सार अमेरिकी बजारमा प्रबेश गर्ने सुबिधा प्रदान गरेकोमा संघले अमेरिकी सरकारलाई प्रशंसा पत्र दिएको थियो । उक्त प्रशंसा पत्र नेपालस्थित अमेरिकी राजदुतावासका आर्थिक तथा व्यापारिक अधिकृत केभिन सि. प्राइस्ले प्रमुख अतिथिज्यूबाट ग्रहण गर्नु भएको थियो । समारोहमा अन्य व्यक्तित्वहरुलाई पनि सम्मानित गरिएको थियो ।

यसअघि यस साधारणसभाको बन्द सत्रमा रामबहादुर गुरुङको अध्यक्षतामा १८ सदसीय नयाँ कार्य समिति आगामी २ वर्ष कार्यकालका लागि निर्विरोध गठन भएको घोषण गरिएको थियो । कार्य समितिका अन्य सदस्यहरुमा वरिष्ठ उपाध्यक्ष दिपक बज्राचार्य, प्रथम उपाध्यक्षमा प्रमोदराज सत्याल, द्वितीय उपाध्यक्ष समिकविक्रम शाह, तृतीय उपाध्यक्ष दावा शेर्पा, महासचिवमा तेञ्जिङ शेर्पा, कोषाध्यक्षमा दानबहादुर चन्द, सचिवहरुमा मनोज अमात्य, बलराम गुरुङ र देवानन्द सरावगी, सहकोषाध्यक्षमा दिनेश अधिकारी सदस्यहरुमा महेश अर्याल, नोर्बु लामा, छेवाङ लामा, रामगोपाल घिमिरे, साङगेल शेर्पा, राजेन्द्र कृष्ण जोशी र मानकुमार तामाङ रहनुभएको छ ।

## सेना-सेना...

भारतलाई आग्रह समेत गरेकी छन् । भारतले तत्काल‍ै विनासर्त सम्पूर्ण जवान र हतियार चिनियाँ भूमिबाट हटाउनुपर्ने विदेश मन्त्रालयले जनाएको छ । झडप हुँदा जनमुक्ति सेना चिनियाँ भूमिमा नै रहेको बेइजिङले दाबी गरेको छ ।

चार हजार ५७ किलोमिटर लामो एलओसीको सबै तीनवटा क्षेत्रहरु पश्चिम (लद्दाख) मध्यभाग (उत्तराखण्ड र हिमाञ्चल) पूर्वी खण्ड (सिक्किम र अरुणाञ्चल प्रदेशमा चिनियाँ सेनाले निरन्तर दखल दिएको भारतीय सेनाको आरोप छ । लद्दाखमा यसअघि पनि छिटफुट रुपमा दुई देशका सेनाबीच झडप हुने गरेको भारतीय सेनाको दाबी छ । १३ हजार ९ सय फिटको उचाइमा चाङला पासमा रहेको पाङगोङ तालमा दुवै देशका सेनाले एक अर्काविरुद्ध डुंगा परिचालन गरेका छन् । सो क्षेत्रमा दुवै देशका सेनाले डुंगा, मोर्टार र पैदल गस्ती गर्छन् । तालको दक्षिणी किनारको माथिल्लो भागमा चीनले सानो मार्ग बनाएको भारतको दाबी छ । सन् १९९९ मा पाकिस्तानसँगको कारगिल युद्धमा सो क्षेत्र द्वन्द्वको मुख्य केन्द्रबिन्दु थियो ।

## पार्टी...

रहनुभएको छ । दल घोषणासभामा सचिव भट्टराईले दल स्थापना गर्नुको औचित्य र उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो ।

उक्त घोषणासभाको अतिथिको रुपमा शुभकामना दिँदै देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चाका केन्द्रीय अध्यक्ष सुरेन्द्र ढकालले राष्ट्रको अस्तित्व संकटमा परिरहेको कठिन घडीमा नयाँ राष्ट्रवादी दलको स्थापना हुनु राम्रो कुरा हो भन्दै अब साँच्चिकै राष्ट्रवादी दलहरु झुण्ड झुण्डमा विभाजन नभई एकै मोर्चामा आवद्ध हुनुपर्ने बेला आएको र सो हुन सकेमा मात्रै हाल जुन किसिमबाट तीव्र रुपमा देश सिक्किमीकरणको प्रक्रियामा अघि बढिरहेको छ । त्यसलाई रोकी देशको स्वतन्त्रता अक्षुण्ण राख्न सकिने बताउनुभयो ।

भारत र साम्राज्यवादी शक्तिहरु मिलेर स्वतन्त्र तिब्बतको नाममा चीनलाई विखण्डन गर्न लागेको प्रसंग उल्लेख गर्दै ढकालले यदि तिब्बत स्वतन्त्र भयो भने त्यसको दुई घण्टाभित्र भारतले नेपाल निल्ने छ भन्दै राष्ट्रवादी दलहरु एक भई नेपाली भूमिलाई चीनको विखण्डनको पक्षमा प्रयोग हुन नदिनेतर्फ पनि लाग्नुपर्दछ भन्नुभयो ।

बरु चीन र भारतबीचको तनाव कम गर्ने हो भने भारतले ओगटिरहेको विशाल नेपालको भूभाग नेपाललाई नै फिर्ता दिने कार्यमा चीनले सघाउनु पर्दछ र त्यसो हुन सकेमा चीन र भारतबीच विशाल नेपाल वफर स्टेट बन्न गई यस क्षेत्रमा शान्ति स्थापना हुने जिकिर गर्नु भयो । उक्त अवसरमा शुभकामना मन्तब्य दिँदै रत्नराज्य लक्ष्मी क्याम्पसका प्राध्यापक वामदेव शर्माले नेपाली राष्ट्रवादमाथि जस्ता किसिमका खतरा आइरहेका छन् त्यसलाई परास्त गर्न देशलाई माया गर्ने सबै एक हुनुपर्ने बताउनुभयो । समारोहमा सहभागिताको लागि सबैलाई धन्यवाद ज्ञापन गर्दै अध्यक्ष मिगरानीले सबै विचार मिल्ने दलहरुसँग आफ्नो दलले कार्यगत एकता वा एकीकरण जे पनि गर्न सक्ने जानकारी दिनुभएको थियो ।

तेस्रो धार — संगीता रेग्मी

वातावरण

# प्राकृतिक प्रकोप र समाधानको उपाय





नेपालमा बाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी, शीतलहर आदि प्रत्येक वर्ष आउँछन् र ठूलो परिमाणको मानवीय, भौतिक एवं अन्य क्षति पुऱ्याएर जान्छन् । यस्ता प्रकोपबाट वर्षेनी हजारौंलाई भोकानांगा, घरबारविहीन बनाउँदै आएको छ । वर्षेनी हुने यस्ता विपत्तिबाट पाठ नसिक्नु, पर्याप्त पूर्वतयारी नगर्नु, विपत् सामना गर्न सरकारी संयन्त्र तयारी अवस्थामा नबस्नु गैरजिम्मेवारी हो ।

यस्ता प्राकृतिक विपदी आकस्मिकता भए पनि दीर्घकालीन रूपमा समस्याको समाधान नखोजिँदा वर्षेपिच्छे एउटै समस्याबाट हामी पीडित भइरहेका छौं । वर्षयामसँगै हिमाली र पहाडी क्षेत्रमा सुरू हुने पहिरो र तराई/मधेशमा हुने बाढीको समस्या आजको मात्र होइन । प्राकृतिक समस्या पूर्व सूचना दिएर आउँदै तर यसबाट हुने अनपेक्षित परिणाम आउनु नै संकट हो । नेपाल भूकम्पको जोखिममा छ भन्ने कुरा विदित छ । तराईमा प्रत्येक वर्ष बाढी र आगजनीले मानवीय र धनजनको क्षति गर्छ भन्ने थाहै छ ।

यस बर्ष मात्रै निरन्तरको वर्षासँगै आएको बाढीले मधेशका अधिकांश जिल्ला डुबानमा परेको छ भने साउन ३० गतेसम्म १२३ जनाको मृत्यु, ३५ जना बेपत्ता र ३९ जना घाईते भएको सरकारी तथ्यांकले देखाउँछ । यस वर्ष मधेशमा बाढीको प्रकोप विगतका वर्षहरूमा भन्दा अझ भयावह देखिन्छ । बालबालिका, वृद्धवृद्धा, सुत्केरीहरूले खान र बस्न समेत पाएका छैनन् भने उनीहरूको अवस्था नाजुक भइसकेको छ ।

अन्न भण्डारको उपमा पाएको मधेशले हरेक वर्ष देशभरीको लागि खाद्यान्न परिपूर्ति गर्दै आउँदै छ । तर धान उत्पादनको यो समयमा सम्पूर्ण मधेश बाढीले आक्रान्त भएको छ । बाढीले मधेशका जनताको गाँस त खोज्यो नै सम्पूर्ण देशवासीको वर्षभरीलाई खाने पुग्ने उत्पादन पनि नष्ट गऱ्यो । निरन्तर निर्यात भन्दा आयात बढी भइरहेको हाम्रो देशमा यो वर्षको बाढीले अझ बढी प्रभाव पार्ने देखिन्छ र आयातमा स्वतः वृद्धि हुनेछ ।


२०७२ बैशाख ११ गते आएको विनाशकारी भूकम्पले मानवीय र भौतिक क्षति बढी गराएको थियो भने यो वर्षको बाढीले मानवीय क्षति कम गराएता पनि विकास र कृषि क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ । अविकसित देशबाट विस्तारै विकासन्मुख बन्दै गएको नेपालका लागि यस्ता प्राकृतिक प्रकोपहरूले अझ ठूलो झट्टा दिने गरेको छ ।

नेपालमा ठूलठूला जोखिम, विपत् र संकटमा सूचना प्रविधिको पर्याप्त प्रयोग देखिँदैन । अहिले नेपालमा बाढीको जोखिमबारे पूर्वसूचना बेलैमा पर्याप्त प्रवाह नभएकाले र सजगता नअपनाइनाले धेरैको ज्यान गएको छ र कैयौं पीडित हुनपुगेका छन् । बाढी-पहिरोको पूर्व सूचनाले सम्भावित जोखिमलाई न्यूनीकरण गर्न सक्छ । हामीले जति सक्दो चाँडो सुधार गरेर प्रविधिलाई सार्वजनिक सेवाप्रवाहमा अधिकतम उपयोग गर्दै जनताको दैनिक जीवन सहज बनाउन अति जरुरी छ ।

यस्ता प्राकृतिक प्रकोपहरु वर्षौंपिच्छे आउने गर्छन् । यो विषयमा सरकारले हेक्का नराख्नु, पूर्व तयारी नगर्नु, संकटपछिको विपत्लाई प्रभावकारी व्यवस्थापन नगर्नु नै ठूलो समस्या हो । समथल भू-भाग भएको मधेशमा केही दिनको वर्षाले नै डुबानको समस्या देखा पर्दछ । वनजंगल विनाश, चुरेको दोहन, जलवायुमा परिवर्तन बाढीको मुख्य कारणको रूपमा रहेको छ । चुरेको दोहन रोक्नु अहिलेको प्रमुख आवश्यकता हो । नदी नियन्त्रण, वृक्षरोपण, जग्गा प्लटिङमा कडाई, बसाई-सराईमा नियन्त्रण, ढलको उचित व्यवस्थापन गर्न सकेमा बाढीबाट केही हदसम्म जोगिन सकिन्छ ।

विपत्तमा कुनै राजनीति हुनुहुँदैन । सबै वर्ग, समुदाय एकजुट भएर विपत्तको सामना गर्नुपर्छ । भूकम्पका बेला मधेशले पहाडलाई सहयोग गरेको थियो, त्यसरी नै पहाडले बाढीले विनाश गरेको मधेशलाई सहयोग र सद्भाव देखाउने बेला भएको छ । आफ्नो क्षमता, ज्ञान, अनुकूलता अनुरुप आ-आफ्नो ठाउँबाट विपत् व्यवस्थापनमा जुट्नुपर्छ । सरकार र अन्य राजनीतिक दलको आलोचना गर्नुभन्दा हाम्रो ठाउँबाट सकेको सहयोग गर्नु नै अहिलेको आवश्यकता हो । विपत्तमा परेका मधेशी जनतालाई हाम्रो सहयोग र साथको आवश्यक छ ।

## भारतीय...



नेपाललाई असर पर्ने गरी विभिन्न बाँध लगायतका संरचनाहरु निर्माण गरेको छ । दशगजा क्षेत्रबाट ८ किलोमिटरसम्मको क्षेत्रमा यस्ता संरचना निर्माण गर्दा छिमेकी राष्ट्रको सहमति लिनुपर्ने हुन्छ । तर भारतले दशगजा समेत अतिक्रमण गरेर निर्माण गरेको संरचनाको पीडा नेपाल र नेपालीले भोग्नु परिरहेको छ । भारतले टनकपुर, शारदा, गोपीया, कैलाशपुरी, लक्ष्मणपुर, कोइलाबास, महलीसागर, रसियाला खुर्दलोटन, डन्डा फरेना, गण्डक, लालबकैया, वाग्मती, कमला, सिरहा, खाँडो कुनौली, कोसीलगायतका नेपाली भूमिबाट भारततर्फ जाने नदीनालाको प्राकृतिक बहावमा प्रभाव पार्ने गरी बाँध बाँध्ने र नदी जोड्ने योजना कार्यान्वयन गरिरहेको छ । नेपालको सम्पूर्ण तराई मधेस क्षेत्रलाई जलमग्न बनाउने गरी भारतले गरेको एकलौटी निर्माण कार्य रोक्न सरकार लाचार देखिन्छ । बरु उल्टै नेपालका नदीनाला भारतका पोल्टामा हालेर भए पनि यहाँ सत्तामा टिक्ने प्रवृत्ति नेतृत्वमा हावी भएको छ ।

नेपाली जनताले सधैंभरि सम्झौतामा सही गर्ने नेतालाई सराप्ने र गाली गर्ने गरेका कोसी, गण्डक, महाकाली सन्धि सम्झौताको कहिल्यै नपुरिने घाउ पटक पटटक दुख्ने गरेको छ । यसपल्टको बाढीमा कोसी ब्यारेजका ढोका नखोलेका कारण दिल्लीसम्म गुहार माग्नु परेको थियो । आफ्ना नदीको चाबी अर्कालाई सुम्पने लाचार देश बेचुवाहरुको पीडा अझै कति समयसम्म व्यहोर्नुपर्ने हो प्रश्न गम्भीर रुपमा उठिरहेको छ ।

## कृषि...

डुब्ने भएकाले ऋण मिनाहाका लागि आग्रह गरेका छन् । चाहे कुखुरापालन होस् या केरा खेती अथवा माछापालन र धान खेती नै किन नहोस्, किसानहरुले ऋणबाट नै मल, बीउलगायत सामग्रीको जोहो गरेका हुन्छन् । त्यही उत्पादन बेचेर आफ्नो गर्जो टार्ने र ऋण तिर्ने मानसिकतामा रहेका किसानहरुलाई बाढीले अपूरणीय क्षति पुऱ्याएको छ ।

बाढीको कारण कृषि क्षेत्रमा परेको प्रभाव किसानहरुलाई ५।१० केजी चामल वितरण गरेर र केही नगद प्रदान गरेर मात्र न्यूनीकरण हुन सक्दैन । यसको लागि तत्कालीन र दीर्घकालीन योजना राज्यले अघि सार्नुपर्छ । तत्काल राहत र उद्धार गरे पनि वर्षभरि खाने घरको खेतको समेत अन्न नभएको अवस्थामा गाँस र बासको चिन्ताबाट उनीहरुलाई मुक्त गर्न सक्नु राज्यको मूल दायित्व हो । किसानको क्षतिको वास्तविक मूल्यांकन गरी त्यसको आधारमा क्षतिपूर्ति प्रदान गरिनुपर्छ । त्यसैगरी आगामी दिनमा सम्पूर्ण कृषि बालीको बिमाको व्यवस्था गर्नुका साथै निर्ब्याजी कर्जाको व्यवस्था गर्नुपर्छ । प्राकृतिक प्रकोप एकपल्ट आएर सकिने कुरा होइन, यो फेरि फेरि पनि दोहोरिन सक्छ । त्यसैले बाढी न्यूनीकरण गर्ने दीर्घकालीन योजना सरकारले बनाउनुपर्छ । चुरे क्षेत्रको वातावरण संरक्षण, उचित तटबन्धको व्यवस्था, मौसमको पूर्वसूचना साथै भारतका कारण रोकिने नेपालको पानीको प्राकृतिक वहावका बारेमा पनि सरकारको ध्यान जान आवश्यक छ । कृषिप्रधान मुलुक भनेर चिनिएको मुलुकका किसानको विपत्तिमा राज्य तथा सम्बन्धित सबै पक्षको साथ, सहयोग तत्काल पुग्न जरुरी छ ।

## '९ आईजीपीसँगका अनुभूति'

काठमाडौं । पूर्व डीएसपी आनन्द पुरीद्वारा लिखित ९ आईजीपीसँगका अनुभूति संस्मरणात्मक संग्रह मंगलबार राजधानीमा आयोजित एक समारोहबीच सार्वजनिक गरिएको छ । बीएन पुस्तक संसारले बजारमा ल्याएको पुस्तकलाई रमेश सुवेदी कथाकार माया ठकुरी, समालोचकद्वय हरि अधिकारी तथा दामोदर न्यौपाने र लेखक आनन्द पुरीले संयुक्त रुपमा विमोचन सार्वजनिक गरेका हुन् ।

पुस्तकमाथि समीक्षा गर्दै समालोचक हरि अधिकारीले प्रहरी प्रशासनभित्र देखिने अनुभूति र गरिने विषयका बारेमा वर्णन गरिएको तथा प्रहरी प्रशासनलाई यो अवस्थामा ल्याउन कुन कुन आईजीपीले के के योगदान गरे भन्ने कुराको बारेमा जानकारी दिइएकाले पुस्तकलाई प्रहरी विकासको अभिलेखको रुपमा लिंदा उपयुक्त हुने चर्चा गरे ।

अर्का समालोचक तथा पत्रकार न्यौपानेले पुस्तकको बारेमा चर्चा गर्दै पुस्तकको माध्यमबाट प्रहरी प्रशासनभित्रको रोमाञ्चक र ज्ञात नभएको धेरै विषयका बारेमा ज्ञात हुने बताए । संस्मरणात्मक विधामा यस पुस्तकले उल्लेख्य भूमिका खेल्ने भन्दै दुवै समालोचकले लेखक पुरीलाई बधाईसमेत दिए । कथाकार माया ठकुरीले प्रहरी प्रशासनका बारेमा थाहा पाउनका लागि सबैले उक्त पुस्तक पढ्नैपर्ने बताइन् । रेडियो तथा टेलिभिजन कार्यक्रमका लेखक निर्देशक र कलाकार समेत रहेका पुरीले उक्त पुस्तकको माध्यमबाट आफूले संगत गरेका विभिन्न आईजीपीको असल र खराब पक्षका बारेमा वर्णन गर्न खोजिएको बताए ।